# मादीको सेरोफेरो


## कक्षा: ५




## मादी नगरपालिका, संखुवासभा
## कोशी प्रदेश, नेपाल

पाठ १

# मेरो नगरपालिका




**क्रियाकलाप :**

**माथिको नक्सा हेरेर भनौं :**

१. माथिको नक्सा कुन नगरपालिकाको हो ?

२. नक्सामा कतिवटा वडा रहेका छन् ?

३. तपाईंकति नम्बर वडामा बस्नु हुन्छ ?

४. वडा नम्बर ४ को पूर्व दिशामा कुन वडा रहेको छ ?

५. माथिको नक्शामा कुन वडा ठूलो र कुन सानो देखिन्छ ?

**अध्ययन गर्नुहोस् :**

नेपाल सरकारले २०७१ साल मंसिर १६ गते मादी नगरपालिकाको घोषणा गरेको हो । यो नगरपालिका साविकका मावादिन, मादी राम्वेनी र मादी मूलखर्क गा.वि.स.हरु मिलेर बनेको हो । मादी नगरपालिका सङ्खुवासभा जिल्लाको दक्षिणपूर्वमा अवस्थित छ । यस नगरपालिकाको कुल क्षेत्रफल ११०.१० वर्ग किलो मिटर रहेकोछ । यस नगरपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । यी वडाहरुमध्ये क्षेत्रफलका आधारमा सबैभन्दा ठुलो वडा ९ नम्बर हो भने, सबैभन्दा सानो वडा ६ नम्बर हो । यस मादी नगरपालिकाका वडाहरुको क्षेत्रफल निम्नानुसार रहेकोछ ।

**तालिका नं. १ : मादी नगरपालिकाका वडाहरुको क्षेत्रफल विवरण**

| वडा नं. | क्षेत्रफल (ब.कि.मि.) |
|---|---|
| १. | १३.५१ |
| २. | १३.१८ |
| ३. | १४.१८ |
| ४. | १३.४५ |
| ५. | १२.१२ |
| ६. | ५.१२ |
| ७. | १०.१६ |
| ८. | ११.३२ |
| ९. | १६.४४ |

| जम्मा | १०९.४८ |
|---|---|

**स्रोत: मादी नगरपालिकाको पार्श्वचित्र, २०७६(वडागत क्षेत्रफल जोड्दा कुल क्षेत्रफल १०९.४८ व.कि.मि.भएको तर आधिकारिक अभिलेखमा ११०.१० व.कि.मि. पाइएकोछ ।)**

मादी नगरपालिकाको भौगोलिक अवस्था विविध प्रकारको रहेको छ । यस नगरपालिका भित्र लेक, बेंसी, खेत, बारी, भिर, पाखा, पहरा, समथर जमिन, डाँडा, थुम्की, गढी, भञ्ज्याङ, देउरालीकासाथै विभिन्न स्थानहरुमा पानीका मुहानहरु पनि रहेका छन् ।

## क्रियाकलाप :

### १. तल सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क. मादी नगरपालिकाको क्षेत्रफल कति छ ?

ख. क्षेत्रफलका आधारमा सबैभन्दा ठूलो र सानो वडा नम्बर लेख्नुहोस् ।

ग. तपाईंका वडामा रहेका मुख्य मुख्य झरनाहरुको नाम लेख्नुहोस् ।

घ.तपाईंको वडाभित्रका मुख्य मुख्य पानीका मुहानहरुको सूची बनाउनुहोस् ।

ङ. मादी नगरपालिका भित्र रहेका गढीहरुको नाम लेख्नुहोस् ।

**शिक्षकलाई निर्देशनः अनुसूची हेरेर शिक्षण गर्नुहोस् ।**

### २. तलका भनाई ठिक भए √ चिन्ह र बेठिक भए × चिन्ह लगाउनुहोस् ।

क. मादी नगरपालिका सङ्खुवासभा जिल्लाको सुदुर उत्तर दिशामा अवस्थित छ ।

ख. मादी नगरपालिकाको घोषणा २०७१ साल मंसिर १६ गते भएको हो ।

ग. मादी नगरपालिका ४ वटा गाउँ विकास समितिहरु मिलाएर बनाइएको हो ।

घ. मादी नगरपालिकाको क्षेत्रफल ११०.१० वर्ग किलो मिटर छ ।

ङ. मादी नगरपालिकाको सबभन्दा ठूलो वडा ६ नम्बर वडा हो ।

च. मादी नगरपालिकाको सबभन्दा सानो वडा ९ नम्बर वडा हो ।

छ. मादी नगरपालिकाको वडा नम्बर ५ को क्षेत्रफल १२.१२ वर्ग किलो मिटर छ ।

### ३. जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| मादी नगरपालिकाको घोषणा | ३ वटा |
| मादी नगरपालिकाका वडा संख्या | वडा नम्बर ९ |
| सबभन्दा ठूलो वडा | ११०.१० व.कि.मि. |
| मादी नगरपालिकामा मिलाएका गा.वि.स. | वडा नम्बर ६ |
| मादी नगरपालिकाको सानो वडा | २०७१ मंसिर १६ |
| मादी नगरपालिकाको कुल क्षेत्रफल | ९ वटा |
| | ११ वटा |

### ४. तपाईं बसोबास गरेको वडाको सफा नक्सा बनाउनुहोस् ।

### ५. परियोजना कार्य :

क) मादी नगरपालिकाका वडाहरुको क्षेत्रफल बढ्दो र घट्दोक्रममा तालिकामा देखाउनुहोस् ।

ख) मादी नगरपालिकाको भौगोलिक स्वरुप कस्तो प्रकृतिको छ ? अवलोकन भ्रमण गरी प्रतिवेदन तयार गर्नुहोस् ।

ग) मादी नगरपालिकाको वडागत क्षेत्रफललाई स्तम्भचित्रमा देखाउनुहोस् ।

# पाठ २

# मादीको जनसंख्या



मादी नगरपालिका सङ्खुवासभाजिल्लामा रहेका पाँचवटा नगरपालिकाहरुमध्ये सबैभन्दा कम जनसंख्या भएको नगरपालिका हो । नेपालका २७६ वटा नगरपालिकामा मादी नगरपालिका सबैभन्दा कम जनसंख्या भएको नगरपालिकामध्ये तेस्रो नम्बरमा पर्दछ । यस नगरपालिकामा जम्मा १३,२७३ जनसंख्या रहेकोछ । जसमध्ये पुरुषको संख्या ६,४८८ र महिलाको संख्या ६,७८५ रहेकोछ । मादी नगरपालिकालाई नौवटा वडाहरुमा विभाजन गरिएकोछ । यी वडाहरुमा रहेको जनसंख्याको विवरण निम्नानुसार छ ।

**तालिका नं. २ : मादी नगरपालिकाको वडागत जनसंख्या विवरण**

| वडा नं. | पुरुष | महिला | जम्मा | जनघनत्व प्रति व.कि. मि. |
|---|---|---|---|---|
| १. | ७२४ | ६९६ | १४२० | १०५ |
| २. | ४४७ | ४७१ | ९१८ | ७० |
| ३. | ९१४ | ९८२ | १८९६ | १३४ |

| | | | | |
|---|---|---|---|---|
| ४. | १२९९ | १४२९ | २७२८ | २०१ |
| ५. | १००६ | १०४२ | २०४८ | १६९ |
| ६. | ६३४ | ६६९ | १३०३ | २५४ |
| ७. | ४३० | ४५४ | ८८४ | ८७ |
| ८. | ४४३ | ४४२ | ८८५ | ७८ |
| ९. | ५९१ | ६०० | ११९१ | ७२ |
| जम्मा | **६,४८८** | **६,७८५** | **१३,२७३** | **१२१** |

**स्रोतः राष्ट्रिय जनगणना २०७८**

माथिको तालिका अनुसार मादी नगरपालिकामा सबभन्दा धेरै जनसंख्या भएको वडा ४ नम्बर वडा हो भने, सबभन्दा कम जनसंख्या भएको वडा २ नम्बर हो । जनघनत्वको दृष्टिकोणबाट सबभन्दा बढी जनघनत्व भएको वडा ६  नम्बर हो ।

## क्रियाकलापः

### १.तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(क) राष्ट्रिय जनगणना २०७८ अनुसार मादी नगरपालिकाको कुल जनसंख्या कतिछ ?

(ख) मादी नगरपालिकाको सबैभन्दा बढी र कम जनसंख्या कुन कुन वडामा रहेकोछ ?

(ग) मादी नगरपालिकामा महिलाको संख्या कुन वडामा धेरै रहेकोछ ?

(घ) मादी नगरपालिकामा सबैभन्दा बढी र कम जनसंख्या कुन कुन जातिको रहेकोछ ?

(ङ) मादी नगरपालिकाको जम्मा जनघनत्व कति रहेको छ ?

### २. तलका भनाई ठिक भए √ चिन्ह र बेठिक भए × चिन्ह लगाउनुहोस् ।

(क) मादी नगरपालिकामा सबभन्दा कम जनसंख्या भएको वडा नम्बर ९ हो ।

(ख) मादी नगरपालिकाका सबभन्दा बढी जनसंख्या भएको वडा नम्बर ४ हो ।

(ग) मादी नगरपालिकाको जम्मा जनसंख्या १३,२७३ जना छ ।

(घ) मादी नगरपालिकाको जनघनत्व १२१ प्रतिवर्ग किलो मिटर होइन ।

(ङ) मादी नगरपालिकाको सबभन्दा कम जनघनत्व भएको वडा नम्बर ३ हो ।

## ३. जोडा मिलाउनुहोस् ।

| समूह क | समूह ख |
|---|---|
| सबभन्दा बढी जनसंख्या भएको वडा | वडा नम्बर ६ |
| सबभन्दा कम जनसंख्या भएको वडा | वडा नम्बर ५ |
| मादी नगरपालिकाको जम्मा जनसंख्यावडा | नम्बर २ |
| जनघनत्व बढी भएको वडा | १२१ प्रति व.कि.मि. |
| मादी नगरपालिकाको जम्मा जनघनत्व | १३,२७३ |
| | वडा नम्बर ४ |

## ४.तालिकामा प्रस्तुत गर्नुहोस्:

(क) मादी नगरपालिकाको वडागत जनसंख्या

(ख) मादी नगरपालिकाको वडागत जनघनत्व

५.परियोजना कार्य : तपाईंको बसोबास भएको टोलका १० परिवारको जनसंख्या विवरण तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ३

# जातजाति भाषा र लिपि

सङ्खुवासभाजिल्लामा पाँचवटा गाउँपालिका र पाँचवटा नगरपालिका रहेका छन् । पाँचवटा नगरपालिकामध्ये मादी नगरपालिका एक हो । राष्ट्रिय जनगणना २०७८ अनुसार मादीको जनसंख्या १३,२७३ रहेको छ । ब्राह्मण, क्षेत्री, लिम्बू, राई, याख्खा, गुरुङ, तामाङ, शेर्पा, नेवार, मगर, विश्वकर्मा, दर्जी, सार्की, भुजेल, दशनामी र भोटे आदि जातजातिका मानिसहरु बसोबास गरेको पाइन्छ । मादी नगरपालिकामा सबैभन्दा धेरै क्षेत्री जातिहरुको बसोबास रहेको छ ।

**तालिका नं. ३ : मादी नगरपालिकाको जातिगत जनसंख्या विवरण**

| **वडा नं.** | **जाति** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १. | क्षेत्री | ३३५७ | २५.२९ |
| २. | तामाङ | १६११ | १२.१४ |
| ३. | ब्राह्मण | १४०१ | १०.६३ |
| ४. | लिम्बू | १२४१ | ९.३४ |
| ५. | गुरुङ | १०४२ | ७.८५ |
| ६. | याख्खा | ७७८ | ५.८६ |
| ७. | राई | ७६२ | ५.७४ |
| ८. | विश्वकर्मा | ६९३ | ५.२२ |
| ९. | शेर्पा | ५९९ | ४.५२ |
| १०. | दर्जी | ५२४ | ३.९४ |
| ११. | अन्य | १२६५ | ९.५३ |
| | **जम्मा** | **१३,२७३** | **१००** |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

मादी नगरपालिकामा बसोबास गर्ने जातजातिहरुको आफ्नै मातृभाषा रहेको छ । यस नगरपालिकामा तामाङ, शेर्पा, लिम्बू, राई, याक्खा आदि जातिहरु आफ्नो घरमा मातृभाषा बोल्ने गर्दछन् तर लिपिबद्ध भने छैनन् । सरकारी कामकाजको भाषा नेपाली भाषाभएकाले आफ्नो मातृभाषाको संरक्षण हुनसकेको छैन । त्यसकारण धेरै जातिका मातृभाषा लोप हुँदै गएका छन् ।

**तालिका नं. ४: मादी नगरपालिकाको मातृभाषा र लिपि**


| क्र.सं. | जाति | भाषा | लिपि |
|---|---|---|---|
| १. | क्षेत्री | नेपाली | देवनागरी |
| २. | तामाङ | तामाङ | सम्भोटा |
| ३. | ब्राह्मण | नेपाली | देवनागरी |
| ४. | लिम्बू | लिम्बू | सिरिजङ्गा |
| ५. | गुरुङ | गुरुङ | खेमा |
| ६. | याक्खा | याक्खा | सिरिजङ्गा |
| ७. | राई | राई | सिरिजङ्गा |
| ८. | विश्वकर्मा | नेपाली | देवनागरी |
| ९. | नेबार | नेवारी | रञ्जना |
| १०. | मगर | मगर | अक्खारिक लिपि |
| ११. | शेर्पा | शेर्पा | सम्भोटा |
| १२. | भुजेल | भुजेल | खार्पा |
| १३. | दर्जी | नेपाली | देवनागरी |
| १४. | सार्की | नेपाली | देवनागरी |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*


## तल दिएका विभिन्न जातिका लिपिहरु अवलोकन गरौं :




सिरिजङ्गा लिपि



सम्भोटा लिपि



खेमा लिपि




अक्खारिक लिपि

## क्रियाकलाप :

## १. छलफल गर्नुहोस् :

माथिका भाषाका लिपिहरु कुन कुन जातिका मातृभाषाका लिपिहरु हुन् ?

## २.जोडा मिलाउनुहोस् ।

| समूह क भाषा | समूह ख लिपि |
| --- | --- |
| गुरुङ | रञ्जना |
| लिम्बू | सम्भोटा |
| नेपाली | देवनागरी |
| शेर्पा | खेमा |
| नेवारी | सिरिजङ्गा |

## ३. तल दिएका खालीठाउँ भर्नुहोस् ।

(क) मादी नगरपालिकामा सबैभन्दा बढी ........ जातिको बसोबास रहेको छ ।

(ख) मादी नगरपालिकामा याक्खा जातिको जनसंख्या............. रहेको छ ।

(ग) मादी नगरपालिकाको जनसंख्या ................. रहेको छ ।

(घ) लिम्बू भाषाको लिपिलाई .................... भनिन्छ ।

(ङ) गुरुङ भाषाको लिपिलाई ................भनिन्छ ।

## ४.परियोजना कार्य :

(क) मादी नगरपालिकाको जातिगत जनसंख्याको प्रतिशतलाई स्तम्भचित्रमा देखाई कक्षामा प्रस्तुतगर्नुहोस् ।

(ख) तपाईंका कक्षामा भएका साथीहरुको विवरण तलको तालिका अनुसार भर्नुहोस् ।

| क.स. | साथीहरुको नाम | जाति | मातृभाषा |
| --- | --- | --- | --- |
| १. | | | |
| २. | | | |
| ३. | | | |

| | | | |
|---|---|---|---|
| ४. | | | |
| ५. | | | |

**(ग) तपाईंका गाउँमा बोलिने मातृभाषाहरुको सूची बनाउनुहोस् ।**

# पाठ ४ धर्म र धार्मिक स्थल













मादी नगरपालिकामा बसोबास गर्ने मानिसहरु विभिन्न धर्म मान्ने गर्दछन् । यहाँ हिन्दु, बौद्ध, किराँत र इसाई धर्म मान्ने मानिसहरु बस्दछन । यहाँ मन्दिर, गुम्बा, साकेलाथान, देवीथान, माङ्हिम र चर्च आदि धार्मिक स्थलहरु रहेका छन् । मादी नगरपालिकाको सबैभन्दा पुरानो र ऐतिहासिक धार्मिक स्थल मादी नगरपालिका वडा नम्बर ६ को राम्बेनी दोभानमा रहेको

राममन्दिर हो । यहाँ प्रत्येकवर्ष रामनवमीको अवसरमा एक दिने मेला लाग्नेगर्दछ । साकेलथानमा उधौली र उभौली पर्वको अवसरमा धार्मिक गतिविधिहरु आयोजना गरिन्छ । बुद्धजयन्ती तथा ल्होसारको अवसरमा गुम्बाहरुमा विभिन्न धार्मिक एवं सांस्कृतिक कार्यक्रमसहित ल्होसार मनाइन्छ । मन्दिरहरुमा दैनिक वा साप्ताहिक एवं विभिन्न पर्वको अवसरमा पूजा, आरती र भजनकीर्तन कार्यक्रमहरु आयोजना गरिन्छ । चर्चमा प्रार्थना एवं क्यारोल गाउने गरिन्छ । हामीले हाम्रा स्थानीय धार्मिक स्थलहरुको सरसफाइ र सुरक्षामा विशेष ध्यान दिनुपर्दछ । हामी विभिन्न धर्म मान्ने भएतापनि एक अर्काको धार्मिक स्थलमा आयोजना हुने विभिन्न धार्मिक क्रियाकलापहरुमा सहभागीभई शुभकामना आदान प्रदान गर्ने गरिन्छ । यसबाट धार्मिक सहिष्णुता कायम गर्न मद्दत पुग्दछ ।

**तालिका नम्बर ५:मादी नगरपालिकाका धार्मिक स्थलहरुको विवरण**

| सि.नं. | धार्मिक स्थलको नाम | ठेगाना |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर | मादी नगरपालिका १, पुछारटोल |
| २ | साकेलाथान | मादी नगरपालिका १, इच्छाराम |
| ३ | पाथीभरा मन्दिर | मादी नगरपालिका १, चौकीडाँडा |
| ४ | शिव मन्दिर | मादी नगरपालिका १, आहालडाँडा |
| ५ | राम मन्दिर | मादी नगरपालिका१, रमितेटोल |
| ६ | धनपोखरी | मादी नगरपालिका ९, रक्तेभञ्याङ |
| ७ | शिव मन्दिर | मादी नगरपालिका २, ऐंसेलु |
| ८ | सिद्धेश्वरी पाथीभरा मन्दिर | मादी नगरपालिका ३, थामखर्क |
| ९ | छत्रेनागी देवीथान | मादी नगरपालिका ३, छत्रेनागी |
| १० | कृष्ण मन्दिर | मादी नगरपालिका ३, कामीचौर |
| ११ | हाङ्थुम देवीथान | मादी नगरपालिका ३, हाङ्थुम |
| १२ | उर्गेनछ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, ओखरबोटे |

| | | |
|---|---|---|
| १३ | देवी पाञ्चायान मन्दिर | मादी नगरपालिका ४, ओखरबोटे |
| १४ | हंस आत्माबोध मन्दिर | मादी नगरपालिका ४, उम्रिङ |
| १५ | देवढुंगा | मादी नगरपालिका ४,  डाँडाँगाउँ |
| १६ | पाथीभरा मन्दिर | मादी नगरपालिका ४, डाँडाँगाउँ |
| १७ | शिव मन्दिर | मादी नगरपालिका ४, कार्कीगाउँ |
| १८ | छत्रेश्वर शिव मन्दिर | मादी नगरपालिका ४, हुलाकीगाउँ |
| १९ | राम जानकी मन्दिर | मादी नगरपालिका ४, घिमिरेगाउँ |
| २० | रनगढी देवीथान | मादी नगरपालिका ४, धुसेनी |
| २१ | ओखरबोटे चर्च | मादी नगरपालिका ४, ओखरबोटे |
| २२ | हाङ्थुम सम्त्यान छ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, पैनागी |
| २३ | कृष्ण प्रणमी मन्दिर | मादी नगरपालिका ५, ओभाङगाउँ |
| २४ | टासी छोलिङ बौद्ध गुम्बा | मादी नगरपालिका ५, डाँडाखर्क |
| २५ | रामालय शिवालय | मादी नगरपालिका ६, पाटीगाउँ |
| २६ | सिद्धथान | मादी नगरपालिका ५, सिद्धथान |
| २७ | साङ्छ्योलिङ  गुम्बा | मादी नगरपालिका ७, बाघाडाँडा |
| २८ | साकेलाथान | मादी नगरपालिका ७, बाघा |
| २९ | ज्याछ्योन छ्योलिङ गुम्बा | मादी नगरपालिका ८, मावादिन |
| ३० | विजय चर्च | मादी नगरपालिका ८, मावादिन |
| ३१ | शिवालय मन्दिर | मादी नगरपालिका ९, फाबिङ |
| ३२ | माङहिम, | मादी नगरपालिका ९, फाबिङ |
| ३३ | पेमा साङ छ्योलिङ गुम्बा | मादी नगरपालिका ९, फाबिङ |
| ३४ | जालपा देवीथान हात्तीखुट्टे | मादी नगरपालिका ९,  फाबिङ |

| | | |
|---|---|---|
| ३५ | सियोन चर्च | मादी नगरपालिका ९, फाबिङ |

**क्रियाकलापः**

१. ठिक बेठिक छुट्याउनुहोस् ।

(क) राम मन्दिर मादीको सबै भन्दा पुरानो धार्मिक स्थल हो ।

(ख) साङ्छ्योलिङ गुम्बा मादी नगरपालिका ७ मा पर्छ ।

(ग) मादी नगरपालिका ४ मा ४ वटा गुम्बा रहेका छन् ।

(घ) मादी नगरपालिका १ मा पनि पाथीभराको मन्दिर रहेको छ ।

(ङ) मादी नगरपालिका ९ मा रहेको चर्चको नाम सियोन चर्च हो ।

**२. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।**

(क) तपाईंको वडामा कतिवटा मन्दिर, गुम्बा, साकेलाथान, माङ्हिम र चर्चको सूची तयार गर्नुहोस् ।

(ख) हाल मादीनगरपालिकामा कतिवटा गुम्बा रहेका छन् ?

(ग) मादी नगरपालिकामा सबैभन्दा बढी कुन धर्मका धार्मिक स्थलहरु रहेका छन्?

(घ) धार्मिक सहिष्णुता कायम गर्न हामीले के गर्नु पर्ने रहेछ ?

**३. परियोजना कार्यः**

(क) शिक्षकको सहयोगमा मादी नगरपालिका भित्रको कुनै धार्मिक स्थलको भ्रमणगरी तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन तयार गर्नुहोस् ।

| भ्रमण गरेको मिति | भ्रमण गरिएको धार्मिक स्थल | भ्रमणमा सहभागी संख्या | भ्रमण स्थलमा देखिएका मुख्य कुरा | निष्कर्ष |
|---|---|---|---|---|
| | | | | |

## पाठ ५

# हाम्रो संस्कार र सँस्कृति



जन्म संस्कार



ब्रतवन्ध संस्कार



गोठधूप



कुलपूजा संस्कार



विवाह संस्कार



मृत्यु संस्कार

## पढौं र बुझौं :

कुवेर सुवेदीको छोराको ब्रतवन्धमा निम्तो मानियो । केटाको कपाल मुण्डन गरेको थियो ।पहेँलो कपडाको मेख्ली र पहेँलो रङको कछाड लगाएको थियो । यज्ञ कुण्डमा पुरोहितले चरु होम गर्दैथिए । केटाको मामाले थुन्से थाप्थे भने केटो हातमा भिक्षा पात्र लिएर जग्गे आसपासमा रहेका निम्तालुसँग भिक्षा माग्दै थुन्सेमा चामल खन्याउँथे । सामान्यतयाव्रतबन्ध गर्ने केटाको उमेर ८ देखि १२ वर्षसम्मको हुनु पर्दछ । व्रतबन्ध गर्ने केटालाई बटुक भनिन्छ । यो प्रचलन हिन्दु सम्प्रदायका जातिहरुमा रहेको छ ।

### क्रियाकलापः

### १. तलका प्रश्नहरुको उत्तर दिनुहोस्:

(क) कुन कुन जातीय समुदायमा व्रतबन्ध गर्ने चलन छ ?

(ख) प्राय: कुन उमेरमा छोराको व्रतबन्ध गर्ने चलन छ ?

(ग) व्रतबन्ध गर्ने केटालाई कस्तो पोसाक लगाइदिन्छन् ?

### २. तलको दिएका कुरा अध्ययन गरी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस् :

(क) .लाक्पा थिङको मृत्यु भएको ४५ दिन भयो । आजबाट लामा गुरु ल्याएर घेवा गर्न सुरु भयो । घेवागर्ने ठाउँमा पाल टाँगियो । वुद्ध भगवानका विभिन्न मुद्राका पटचित्र टाँगियो । मैदाबाट वुद्धका विभिन्न मुद्राका आकृतिका मूर्ति लामा गुरुले बनाउनु भयो ।

(ख) राई समुदायले हरेक वर्षको बैशाखे पूर्णिमाका दिन उभौली पर्व मनाउने गर्छन् । यो दिन साकेला नाच नाच्ने गरिन्छ । राईहरुले यो चाडलाई विशेष रुपमा मनाउने गर्दछन् ।

(ग) दिलहाङ नेम्वाङको विवाह भयो ।बेहुली डाँडापारिको गाउँबाट ल्याइयो । बेहुलीका साथमा ६–७ जना युवतीहरु पनि आएका थिए । सबै जनाले सुनका गहनाहरु लगाएका थिए

। शिरमा शिरबन्दी, सुनको फूल, घाँटीमा सुनकै कण्ठ, कानमा पात सुन, नाकमा झम्के बुलाकी, काँडे नाकफुली, गोडामा चाँदीका कल्ली, लगाएका थिए ।ती युवतीहरुसँग बेहुलापट्टिका युवाहरुले धान नाचेका थिए । बेहुलीका साथमा आएका महिलाहरुलाई लोकन्ती भनिन्छ । फेदाङ्माले मुन्धुम फलाकेर विवाह कर्म सम्पन्न गर्नुभयो ।

(घ) नेवार समुदायमा भाद्र कृष्ण प्रतिपदाको दिन गाईजात्रा मनाउने परम्परा छ । त्यसवर्ष जुन घरमा परिवारका कुनै सदस्यको मृत्यु भएको हुन्छ, मृतकको मुक्तिका लागि यो जात्रा मनाइन्छ । मृतकका घरबाट गाईलाई सिंगारेर विभिन्न खाले मनोविनोदका झाँकीका साथ सहर परिक्रमा गर्ने चलन छ ।

## ३. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

क) तामाङ जातिको प्रायः कति दिनमा घेवा गर्ने चलन छ?

ख) गाईजात्रा मनाउनुको उद्देश्य के हो ?

ग) गाईजात्रामा के के गरिन्छ ?

घ) राई जातिहरुले उभौली पर्व कहिले मनाउँछन्?

ङ) विवाहमा बेहुलीका साथमा आउने महिलाहरुलाई के भनिन्छ ?

पाठ ६

# हाम्रा सामाजिक संघ संस्था

**पढौं र बुझौं :**

मितिः २०८२/०२/१२
मादी नगरपालिका८, मावादिन

प्यारो साथी, रेक्सन !
धेरै धेरै सम्झना ।

आराम रही सोही चाहन्छु । आज म तिमीलाई हाम्रा संघ-संस्थाहरुका बारेमा जानकारी दिँदै पत्र लेख्दैछु ।

हाम्रो मादी नगरपालिका वडा नम्बर ८ मा विभिन्न सरकारी तथा गैह्र सरकारी संघ-संस्थाहरु रहेका छन् । यी सबै संघ-संस्थाहरु वडाको विकास र वडाबासीलाई सेवा प्रदान गर्नका लागि कार्यरत छन् । हाम्रो वडाको प्रमुख संस्था ८ नम्बर वडा कार्यालय हो भने हाम्रो वडामा एउटा मात्र विद्यालय श्री सरस्वती माध्यमिक विद्यालय रहेको छ । यहाँका बासिन्दाको उपचारका लागि एउटा मात्र मावादिन स्वास्थ्य चौकी छ । युवाहरुको उन्नयनका लागि युवा समाज विकास केन्द्र पनि हाम्रो वडाको एउटा संघ-संस्था हो । यस वडामा श्री त्रिशक्ति बचत तथा ऋण सहकारी सँस्था र श्री दीपज्योति ग्रामिण विद्युत सहकारी संस्था गरी दुईवटा सहकारीहरुले सेवा प्रदान गर्दै आएका छन् । त्यसैगरी लिङ्गेश्वरी र गढीडाँडा गरी दुईवटा सामुदायिक वन उपभोक्ता समिति पनि यस वडाका संघ-संस्थाहरु हुन् ।

हवस् त साथी आजलाई यति मात्र लेखेँ, अरु कुरा पछि गरौँला । यो पत्र पाउने बित्तिकै त्यहाँ ३ नम्बर वडाका संघ-संस्थाहरुको पनि जानकारी सहित मलाई लेखी पठाउनु है ।

उहि साथी, स्मार्ट लिङ्थेप
श्री सरस्वती माध्यमिक सिवद्यालय
मादी ४, मावादिन

**पढौं र बुझौं :**

मितिः २०८२/०२/१७

मादी नगरपालिका ३, मूलखर्क

प्यारो साथी, स्मार्ट !

धेरै धेरै सम्झना ।

आराम रही सोही चाहन्छु । तिमीले लेखेको पत्र पाएँ । ८ नम्बर वडाका विभिन्न संघ-संस्थाको बारेमा जानकारी प्राप्त भयो । धेरै धेरै धन्यवाद सहित खुशी व्यक्त गर्दछु । आज म तिमीलाई हाम्रा वडाका संघ-संस्थाको बारेमा पनि जानकारी दिँदै पत्र लेख्दैछु ।

हाम्रो मादी नगरपालिका वडा नम्बर ३ मा विभिन्न सरकारी तथा गैह्र सरकारी संघ-संस्थाहरु रहेका छन् । यी सबै संघ-संस्थाहरुको आ-आफ्ना जिम्मेवारीहरु छन् । हाम्रो वडाको प्रमुख संस्था ३ नम्बर वडा कार्यालय हो । यहाँबाट वडाबासीले विभिन्न सेवाहरु प्राप्त गर्दछन् । हाम्रो वडामा एउटा मात्र माध्यमिक विद्यालय श्री विनोद माध्यमिक विद्यालय रहेको छ । त्यसैगरी श्री सिंहभगवती आधारभूत विद्यालयलगायत अन्य आधारभूत विद्यालय गरी जम्मा ५ ओटा विद्यालयहरु यस वडामा रहेका छन् । यहाँका बासिन्दाको उपचारका लागि मादी मूलखर्क स्वास्थ्य चौकी रहेको छ । पशुहरुको उपचारका लागि एउटा पशुसेवा केन्द्र छ । किसानहरुलाई बिउबीजन र आवश्यक सेवा प्रदान गर्नका लागि एउटा वडा कृषि कार्यालय छ । समुदायको विकासका खातिर एउटा हाङ्थुम सामुदायिक सिकाइ केन्द्र पनि हाम्रै वडामा छ । विपद्मा परेका वडाबासीलाई मन, बचन र कर्मले सेवा गर्न नेपाल रेडक्रस सोसाइटी उपशाखा मादी मूलखर्क पनि यसै वडामा रहेको छ । युवाहरुको खेलकुद विकासका लागि हाङ्थुम क्लव पनि हाम्रो वडाको एउटा संस्था हो भने बालबालिकाको चौतर्फि विकासका लागि सिर्जनशील बाल तथा युवा सरोकार संस्था पनि हाम्रो वडामा छ । यस वडामा श्री सिद्धिविनायक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड पनि छ । त्यसैगरी थामखर्क, आहाले, फुदुङ, हाङ्लाफोङ् र मानडाँडा लगायत अन्य सामाजिक संस्थाहरु यसै वडामा पर्दछन् । खानेपानी तथा सरसफाइ सम्बन्धी कार्य गर्न मूलखर्क, माझखर्क र अन्य टोलहरुमा पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु संस्थागत

रुपमा दर्ता भई हाम्रै वडामा कार्यरत छन् । यस वडामा जम्मा ४ ओटा सामुदायिक बन उपभोक्ता समितिहरु छन् । हवस् त साथी आजलाई यति मात्र लेखें, अरु कुरा पछि गरौंला । अब अर्को पत्रमा त्यहाँका पर्यटकीय स्थलहरुको बारेमा मलाई लेखी पठाउनु है ।

उहि साथी, रेक्सन बि.क.
श्री विनोद माध्यमिक विद्यालय
कक्षा ४

**क्रियाकलाप :**

**१. प्रश्नहरुको उत्तर दिनुहोस् :**

१) मादी नगरपालिका वडा नम्बर ८ मा रहेको एउटा मात्र विद्यालयको नाम के हो ?

२) मादीनगरपालिकावडा नम्बर ३ मा जम्मा कतिवटा विद्यालयहरु रहेछन् ?

३) मादी नगरपालिकावडा नम्बर ८ मा हाल कतिवटा सहकारी संस्था छन् ?

४) मादी नगरपालिकावडा नम्बर ३ मा दर्तावाला क्लवहरु कति ओटा छन् ?

**२. ठीक बेठीक छुट्यानुहोस् ।**

क) मादी नगरपालिकावडा नम्बर ८ मा हाङ्थुम सामुदायिक सिकाइ केन्द्र छ ।

ख) वडा नम्बर ३ को पशुसेवा केन्द्र मादीको सबैभन्दा पुरानो सेवा केन्द्र हो ।

ग) श्री सिद्धिविनायक महिला बचत तथा ऋण सहकारी संस्था वडा नम्बर ८ मा छ ।

घ) वडा नम्बर ३ मा चारवटा सामुदायिक वन उपभोक्ता समितिहरु छन् ।

**३.परियोजना कार्यः** आफ्नो वडाभित्र रहेका सामाजिक संघ-संस्थाहरुको सूची निर्माण गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन : मादी न.पा. भित्रका प्रत्येक वडाहरुमा रहेका केही सामाजिक संघ-संस्थाहरुको विवरण अनुसूचिमा दिइएको छ । कुनै विवरण छुटेको भएमा सोधखोज गरी आफ्नो वडाका संघ संस्थाहरुको सूची निर्माण गरी शिक्षण गनर्सहोस् ।**

**पाठ७**

# प्रथम नगर प्रमुख र उपप्रमुख

**तल दिइएको जीवनी र योगदानको अध्ययन गरौं**




**बिदुर लिंथेप (प्रथम नगरप्रमुख, मादी नगरपालिका)**

| प्रथम नगरप्रमुख | उपप्रमुख |
|---|---|
| नामः बिदुर कुमार लिंथेप<br>बुवाः कमलनारायण लिंथेप<br>आमाः नरेन्द्रकुमारी लिंथेप<br>मादी-७, बाघा, सङ्खुवासभा<br>जन्ममितिः २०३२/०९/२४<br>शैक्षिक योग्यता:: - एम.ए. | नामः उर्मिला नेपाल सुवेदी<br>बुवाः शिवप्रसाद नेपाल<br>आमाः गंगादेवी नेपाल<br>मादी - ५,<br>सङ्खुवासभा<br>जन्ममितिः २०३३/०८/२६<br>शैक्षिक योग्यता:- बि.एड |




**उर्मिला नेपाल सुवेदी (प्रथम नगरउपप्रमुख, मादी नगरपालिका)**

वि.सं. २०७४ सालको स्थानीय तह निर्वाचनमा मादी नगरपालिका सङ्खुवासभाको स्थानीय सरकारको प्रथम नगर प्रमुखमा बिदुर लिंथेप निर्वाचित हुनुभएको थियो । उहाँ एक असल र जनताको भावना अनुसार काम गर्ने नेता हुनुहुन्छ । वर्तमान अवस्थामा उहाँ सङ्खुवासभाजिल्ला निर्वाचन क्षेत्र (ख) बाट कोशी प्रदेश सभा सदस्य पदमा निर्वाचित हुनुहुन्छ । त्यसैगरी प्रथम नगरउप-प्रमुखमा उर्मिला नेपाल सुवेदी निर्वाचित हुनुभयो । उहाँहरुको ५ बर्षको कार्यकालमा मादी नगरपालिकामा थुप्रै उल्लेखनीय कार्यहरु सम्पन्न भए । तिनीहरुमध्ये उहाँहरुका केही प्रमुख योगदानहरुलाई तल प्रस्तुत गरिएको छ ।

१) राममन्दिर-ओखरबोटे सडक कालोपत्रे,

२) मादी नगरपालिकाको भवन निर्माण,

३) मादी नगरपालिकाको कबर्डहल निर्माण,

४) प्रत्येक वडामा स्वास्थ्य चौकी भवन निर्माण,

५) ओखरबोटे बजारमा बधशाला भवन निर्माण,

६) मादी नगरपालिकाको प्रत्येक घरधुरीको फुसको छानो हटाउने अभियानको थालनी,

७) ओखरबोटे बिहिबारे बजार ढलान,

८) ओखरबोटे - मंगलबारे सडक स्तरोन्नति गरी बससेवा सञ्चालन,

९) ओखरबोटे - फाबिङ सडक स्तरोन्नति गरी बस सेवा सञ्चालन,

१०)मायादेवी माध्यमिक विद्यालय कानपुरमा माध्यमिक तह, सिंह भगवती आधारभूत विद्यालय आहाले र खम्पुजङ आधारभूत विद्यालय फाविङमा आधारभूत तह (कक्षा ६-८) को अनुमति/सञ्चालन,

११) उम्लिङ माध्यमिक विद्यालय, उम्लिङमा कक्षा ११/१२ को पठनपाठन अनुमति/सञ्चालन,

१२) मादी नगरपालिकाको नगर अस्पताल स्तरोन्नति,

१३) मादी नगरपालिका भित्रका प्रत्येक सामुदायिक विद्यालयमा टि.टि बोर्ड निर्माण,

१४) गैह्रसरकारी संस्थाहरुसँग साझेदारी गरी शैक्षिक विकास आदि ।

१५) उज्यालो मादी कार्यक्रम (पशुपालक गोठ बस्ने कृषक र कक्षा ९ का विद्यार्थीहरुका लागि) अन्तर्गत सौर्य उर्जा वितरण,

१६) मादी बहुमुखी क्याम्पसमा बहुधार्मिक बहुसांस्कृतिक ज्ञान महाँयज्ञ सञ्चालन गरी रु १ करोडको कोष स्थापना,

१७) कृष्ण प्रणामी मन्दिरको लागि जग्गा खरिद कार्य,

१८) मादी नगरपालिकाका सुत्केरी भेटघाट कार्यक्रम,

**क्रियाकलाप :**

कोशी प्रदेश सदस्य, ५ वर्ष, विदुर कुमार लिंथेप, २०७४ साल, उर्मिला नेपाल सुवेदी

## १. खाली ठाउँ भर्नुहोस् ।

(क) मादी नगरपालिकाको प्रथम नगरप्रमुखको नाम .................. हो ।

(ख) मादी नगरपालिकाको प्रथम नगरउप-प्रमुखको नाम ................ हो ।

(ग) बिदुर लिंथेप नगरप्रमुख भए पश्चात्..................... हुनुभयो ।

(घ) पहिलो स्थानीय तहको निर्वाचन .............. मा भएको थियो ।

(ङ) स्थानीय सरकारको कार्यकाल ............. हुन्छ ।

## २. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क) मादी नगरपालिकाको प्रथम नगरप्रमुख र उपप्रमुखको नाम लेख्नुहोस् ।

ख) मादी नगरपालिकाका प्रथम नगरप्रमुख र उपप्रमुखले पुऱ्याउनु भएका कुनै ५ वटा योगदानहरु लेख्नुहोस् ।

**३.परियोजना कार्य :** मादी नगरपालिकाका प्रथम नगरप्रमुख र उपप्रमुखले गरेका १० वटा योगदानहरुको सूची बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

पाठ ८

# कला र साहित्य

## गाऔं र नाचौं :




रिटिङ्मा रिटिङ विनायो बाजा, राई दिदी बजाउने

काठको टुङ्ना भेडीको छाला, गुरुङ दाइ रमाउने

साकेला नाच झ्याम्टा र ढोल, उधौली उभौली

च्याब्रुङ बजाइ पालम गाइ, नाचेर रमाउली

## १. तलका प्रश्नहरुको उत्तर दिनुहोस ।

(क) विनायो बाजा कुन जातीय समुदायमा बजाइन्छ ?

(ख) गुरुङ्ग जातिको बाजाको नाम के हो ?

(ग) उधौली उभौलीमा के कस्ता बाजाहरु बजाइन्छ ?

## २. मिल्दो शब्द छानी जोडा मिलाउनुहोस :

| | |
|---|---|
| क) राई | अ) टुङ्ना |
| ख) गुरुङ्ग | आ) च्याब्रुङ |
| ग) लिम्बु | इ) विनायो |
| | ई) खैंजडी |

### ३. पढौं र बुझौं :





श्रीमद्भागवत सप्ताह पुराणको समापनको दिनमा काठको खैंजडी बजाएर भजन कीर्तन हुन्छ । कोही खैजडी, कोही झ्याली, कोही मजुरा वजाएर भजन गाउने गर्दछन् । उत्साही जनहरु भजन नाच देखाउँछन् । महिलाहरु समूहमा सँगिनी नाच्छन् । खास गरेर ब्राम्हण, क्षेत्री समुदायमा भजन सँगिनी नाच्ने परम्परादेखि चल्दै आएको छ । धार्मिक मेला, तीर्थस्थलमा पनि भजन कीर्तन गर्ने चलन छ ।

### ४.तलका प्रश्नहरुको उत्तर दिनुहोस :

(क) भजन कीर्तन र संगिनी नाच कुन कुन जातीय समुदायमा चलन चल्तीमा छ ?

(ख) कस्तो बेलामा भजन कीर्तन गर्ने प्रचलन छ ?

(ग) सँगिनी नाच कुन ठाउँमा नाचिन्छ ?

### ५. मिल्दो उत्तर छानी ठिक (√ ) चिन्ह लगाउनुहोस ।

### (क) संगिनी नाच कसरी नाचिन्छ ?

अ) पुरुष र महिला भएर

आ) एकजना महिलाले मात्र

इ) पुरुष पुरुष मिलेर

ई)महिलाहरु समूह बनाएर

# पाठ ९

# मेला पर्व र जात्रा

पढौं र बुझौं :

## चासोक तङ्नाम

चासोक तङ्नाम किराँत जातिहरुले मनाउने पर्व हो । विशेषगरी मादी नगरपालिकाको वडा नम्बर १, ३, ७, ८ र ९ मा यो पर्व मनाईन्छ । किराँत जातिका मानिसहरुले प्रकृतिको पूजा गर्ने गर्दछन् । मंसिरपूर्णिमा (धान्यपूर्णिमा) मा चासोक तङ्नाम पर्व मनाइन्छ । मंसिर पूर्णिमादेखि जाडो मौसम सुरु हुने र देवता सँगै मानिस, पशुपंछी पनि पृथ्वीको तल्लो भेग तिर सर्ने हुनाले मंसिर पूर्णिमालाई उधौली पर्वको रुपमा मानिन्छ । वैशाखपूर्णिमादेखि गर्मी मौसम सुरु हुने र देवी, देवता, मानिस, पशुपंछी पनि उँभोतिर/लेकतिर जाने हुनाले वैशाख पूर्णिमालाई उभौली पर्वको रुपमा मानिन्छ । जीवन जिउनका लागि सबै कुरा प्रकृतिबाट प्राप्त हुने हुनाले किराँतहरुले प्रकृतिको पूजा गर्दछन् । उधौली पर्वको अवसरमा मादी नगरपालिकावडा नम्बर ८ को मावादिनमा मावादिन युवा विकास समाज केन्द्रले मेलाको आयोजना गर्दछ । उक्त मेलामा खेलकुद प्रतियोगिता तथा जात जातिहरुको झाँकी प्रदर्शन गरिन्छ । धाननाच किराँत जातिहरुको मौलिक नाच हो तर अचेल किराँतहरुले यो नाच नाचेको कमै देख्न पाइन्छ । चासोक तङ्नाम पर्वको अवसरमा फेदाङ्माले पूजा गर्दछन् ।

**क्रियाकलापः**

१. उत्तर लेख्नुहोस् ।

(क) मादी नगरपालिकाको कुन क्षेत्रमा चासोक तङ्नाम पर्व मनाइन्छ ?

(ख) चासोक तङ्नाम पर्व कहिले मनाइन्छ ?

(ग) कुन पूर्णिमालाई उधौली पर्व भनिन्छ ?

(घ) लिम्बू जातिहरुले किन प्रकृतिको पूजा गर्दछन् ?

(ङ) कुन पूर्णिमामा मानिस र पशुपंछी उभोतिर जान्छन् ? किन?

(च) किराँत जातिहरुको पुजारीलाई के भनिन्छ ?

## २. ठिक बेठिक छुट्याउनुहोस् ।

(क) चासोक तङ्नाम पर्व मादी नगरपालिकाको सबै क्षेत्रमा भब्य रुपमा मनाइन्छ ।

(ख) धान्यपूर्णिमादेखि गर्मी मौसम सुरु हुन्छ ।

(ग) प्रकृतिको पूजा गर्नु किराँत जातिहरुको संस्कार नै हो ।

(घ) चण्डीपूर्णिमादेखि मानिस एवं पशुपंछीहरु लेकतिर जान सुरु गर्छन् ।

(ङ) पहिले पहिले धाननाचको चलन धेरै थियो ।

## ३. खाली ठाउँ भर्नुहोस् ।

(क) चासोक तङ्नाम ............... जातिको प्रमुख पर्व हो ।

(ख) मादी नगरपालिकाको .............. मा चासोक तङ्नाम मेला लाग्दछ ।

(ग) चासोक पर्व मेलाको अवसरमा ........... प्रतियोगिता पनि गरिन्छ ।

(घ) विभिन्न जातजातिहरुको.............. प्रदर्शन चासोक तङ्नाम पर्वको अर्को विशेषता हो ।

(ङ) उधौली र उभौली पर्वको अवसरमा ............. ले पुजारीको काम गर्दछन् ।

**शिक्षकलाई निर्देशनः मादी नगरपालिकामा मनाइने बिभिन्न मेलापर्वहरुको बारेमा यसरी नै संक्षिप्त परिचय/छलफल गराउनुहोस् ।**

# पाठ १०

# जलस्रोत

मिति: २०८२ जेठ १०

मादी, संखुवासभा

प्यारी साथी निर्मला,

मिठो सम्झना,

यहाँ म र मेरो परिवार आराम कुशल रहेका छौं । त्यहाँ तिमी र तिम्रो परिवारमा पनि आराम कुशल रहेको खबर अस्ति तिमीले पठाएको पत्रबाट थाहा पाएँ । पत्रमा तिमीले मादी नगरपालिकामा रहेका जलस्रोतहरुको उपयोगको अवस्था सोधेकी रहिछौ । मलाई थाहा भएसम्म लेख्ने प्रयास गरेकी छु ।

जलस्रोत भन्ने वित्तिकै स्थानीय क्षेत्रमा रहेका पानीका स्रोतहरुलाई जनाउँदछ । हाम्रो मादी नगरपालिकामा पनि थुप्रै खहरे खोला, मझौला खोलाहरु र ठुला खोलाहरु रहेकाछन् । जसमध्ये देउमाई खोला, ओइराङ्ग खोला, फुदुङ खोला, घुन्सा खोला, वालिङ खोला, काभ्रे खोला, बाघा खोला, लखुवा खोला, सिकुवा खोला र याँवरा खोला, माया खोला र पिलुवा खोला मुख्य रहेकाछन् । त्यसैगरी लामपोखरी, धनपोखरी यहाँका मुख्य पोखरीहरु हुन् । मादी नगरपालिका भित्र थुप्रै कुवा, सिमसार क्षेत्र र मादीकै गहनाका रुपमा रहेका छन् ।

मादी नगरपालिकामा विगत २०/२५ वर्ष भन्दा पहिला विद्युत थिएन । त्यसबेला धेरैजसो गाउँमा स्थानीय खोलाबाट पानी जम्मा गरी पेल्ट्रिकसेटबाट विद्युत उत्पादन गरिएको थियो ।

अहिले पिलुवाखोला र मायाखोला दुवैबाट हाइड्रो पावर सञ्चालन भई विद्युत उत्पादन भइरहेको छ । पहिला पहिला खोलाको पानीबाट घट्ट (मिल) सञ्चालन भएका थिए । त्यसैबाट धान, मकै, कोदो लगायतका अन्नहरु पिस्ने गरिन्थ्यो । खोलाबाट घट्ट सञ्चालन गरी ठेकी, हर्पे आदि कुँद्ने गरिन्छ ।

मादी नगरपालिका भित्र खेतबारी सिँचाइ गर्नका लागि गाउँगाउँमा थुप्रै साना तथा मझौला कुलाहरुको निर्माण गरिएको छ । जसमध्ये देउमाई कुलो, घुन्सा कुलो, वालिङ कुलो, बाघा कुलो, काभ्रे कुलो, माने कुलो, धोद्रे कुलो र मौरीखोला कुलाहरु मुख्य हुन् । यिनै कुलाहरुबाट मादीका विभिन्न क्षेत्रहरुमा सिँचाइ गरिरहेको अवस्था छ । स्थानीय सरकार र स्थानीयबासीहरुको अगुवाइमा मर्मत तथा संरक्षणको आवश्यकता रहेको छ ।

मादी नगरपालिकाका प्रायः जसो क्षेत्रहरुमा खानेपानीका स्रोतहरुको पर्याप्त उपलब्धता छैन । त्यसकारणले खानेपानीको समस्या पनि भोग्नुपरिरहेको अवस्था छ । केही क्षेत्रहरुमा प्रदेश सरकार, संघीय सरकार, स्थानीय सरकार र अन्य गैह्र सरकारी संस्थाहरुले वृहत खानेपानी योजना सञ्चालन गरी केही हदसम्म खानेपानीको समस्या समाधान गरेकाछन् । मादी नगरपालिकाले .हरेक वर्ष पाईप खरिदगरी जनताहरुलाई खानेपानी र सिँचाइका लागि वितरण गर्ने गरेको छ । यसले पनि समस्या समाधान गर्न टेवा पुऱ्याएको छ ।

अन्त्यमा, मादी नगरपालिका भित्रको जलस्रोतको उपयोगको अवस्था बाँकी पत्रहरुमा उल्लेख गरौंला, तिमीले नबुझेका कुरा पत्रमा सोध्दै गर्नु भन्दै यो पत्रबाट विदा हुन चाहन्छु ।

तिमीलाई माया गर्ने साथी
युनिसा पाँचकोटी
कक्षाः ५

रोल्नं.:२
श्री उम्लिङ माध्यमिक विद्यालयउम्लिङ

**क्रियाकलापः**

१. माथिको चिठी पालैपालो गरेर पढ्नुहोस् ।

**२. उत्तर लेख्नुहोस् :**

क) मादी नगरपालिका भित्रका मुख्य मुख्य खोलाहरुको नाम लेख्नुहोस् ।

ख) उहिले धान, मकै पिस्न के गर्ने गरिन्थ्यो ?

ग) मादीका कुन कुन खोलाबाट विद्युत उत्पादन गरिएको छ ?

घ) मादी नगरपालिका भित्र रहेका झरनाहरु कुन कुन हुन् ?

ङ) मादी नगरपालिका भित्र रहेका सिँचाइ कुलाहरु कुनै ५ वटाको नाम लेख्नुहोस् ।

**३. शिक्षक वा अभिभावकको सहायतामा छलफल गर्नुहोस् :**

मादी नगरपालिका भित्र खानेपानीको अवस्था कस्तो रहेको छ ? के के गर्नाले खानेपानीसमस्या समाधान गर्न सकिएला ?

**४. दिइएको तालिका भर्नुहोस् :**

| मादी नगरपालिकाभित्रका खोलाहरु | मादी नगरपालिकाभित्रका कुलोहरु | मादी नगरपालिकाभित्रका झरनाहरु |
|---|---|---|
| | | |

**५. परियोजना कार्यः**

आफ्ना अभिभावक/शिक्षकको सहयोगमा मादी नगरपालिकामा २० वर्ष पहिलेको खानेपानी, खोला नालाको उपयोगिताको अवस्था र वर्तमान अवस्था तुलना गर्नुहोस् ।

पाठ ११

# वनजङ्गल



नमस्ते प्यारा भाइबहिनीहरू ! आज हामी एउटा धेरै रमाइलो र महत्वपूर्ण कुरा सिक्न जाँदैछौं । के हो होला त्यो? त्यो हो, वनजङ्गलको महत्व । नामैले थाहाहुन्छ, वनजङ्गलको महत्व भनेको हाम्रो गाउँघरमा भएका वनहरुबाट हामीले प्राप्त गर्ने फाइदा हो । फाइदा लिनका लागि हामीले वनङ्गल जोगाउनु पर्दछ । वनबाट हाम्रो जीवनका दैनिक समस्याहरु समाधान गर्न सहज हुन्छ । वनबाट हामीले दाउरा, घाँस, स्याउला, काठ, जडिबुटी, लकडी आदि ल्याउने गरिन्छ ।

सामुदायिक वन भनेको सरकारले स्थानीय समुदायलाई संरक्षण गर्न, व्यवस्थापन गर्न र त्यसबाट फाइदा लिन दिएको वन हो। यसको अर्थ के हो भने, त्यो वनको रेखदेख गर्ने, बिरुवा रोप्ने, रुख काट्ने कि नकाट्ने भनेर निर्णय गर्ने काम हामी समुदायका मानिसहरूले मिलेर गर्छौं ।

## वनको महत्व किन छ ?

वन हाम्रो लागि धेरै महत्वपूर्ण छ । यसका धेरै फाइदाहरू छन् :

**१.हामीलाई सफा हावा दिन्छ:** रुख बिरुवाहरूले कार्बनडाइअक्साइड सोसेर हामीलाई सास फेर्नका लागि चाहिने अक्सिजन दिन्छन् । वनजङ्गल भएन भने हामीले सफा हावा पाउन गाह्रो हुन्छ।

**२.पानीका मुहान जोगाउँछ :** वनजङ्गलले माटोलाई समातेर राख्छ । यसले गर्दा पानी पर्दा माटो बगेर जाँदैन र पानी जमिनमुनि सोसिएर बस्छ । यसैले गर्दा पानीका मुहानहरू सुक्दैनन् र हामीलाई पिउने पानीको कमी हुँदैन ।

**३.जनावर र चराचुरुङ्गीको घर**: सामुदायिक वन धेरै जनावर र चराचुरुङ्गीको घर हो। मृग, बाँदर, खरायो, भालु जस्ता जनावरहरू र विभिन्न प्रकारका चराहरू वनमा बस्छन् । उनीहरूको घर जोगाउनु हाम्रो कर्तव्य हो।

**४.दाउरा र घाँस दिन्छ:** हामीलाई खाना पकाउनका लागि दाउरा र गाईवस्तुलाई खुवाउनका लागि घाँस वनबाटै पाइन्छ। तर हामीले जथाभावी दाउरा काट्न वा घाँस उखेल्न हुँदैन, वनको नियमअनुसार गर्नुपर्छ।

**५.जडिबुटी पाइन्छ:** वनमा धेरै प्रकारका जडिबुटीहरू पाइन्छन्, जसबाट औषधी बनाइन्छ । यी जडिबुटीहरू हाम्रा लागि धेरै उपयोगी हुन्छन् ।

**६.आयआर्जनको स्रोत:** सामुदायिक वनले समुदायलाई आम्दानी गर्न पनि मद्दत गर्छ । वनबाट निस्केका उत्पादनहरू बेचेर वा वनमा पर्या-पर्यटन (वातावरण हेर्न आउने पर्यटक) को विकास गरेर समुदायले पैसा कमाउन सक्छ । त्यो पैसाले गाउँमा विकासका कामहरू गर्न सकिन्छ ।

**७.पर्यटनको विकास:** कतिपय सामुदायिक वनहरू धेरै सुन्दर हुन्छन् । त्यहाँ घुम्न र वनभोज मनाउन मानिसहरू आउँछन्। यसले गर्दा गाउँमा पर्यटन बढ्छ र गाउँलेहरूलाई फाइदा हुन्छ ।

**८.बाढी र पहिरो रोक्छ:** रुखका जराहरूले माटोलाई दह्रोसँग समातेर राख्छन् । यसले गर्दा पानी पर्दा वा भूकम्प जाँदा बाढी र पहिरो जानबाट रोक्न मद्दत गर्छ ।

**९.शैक्षिक महत्व:** सामुदायिक वन हामीलाई प्रकृतिबारे बुझ्न, विभिन्न रुख बिरुवा र जीवजन्तुबारे सिक्नका लागि पनि महत्वपूर्ण हुन्छ ।

## हामीले वनजंगल सुरक्षित राख्न के गर्न सक्छौं ?

सामुदायिक वनको महत्व बुझेपछि हामीले यसको संरक्षणमा पनि ध्यान दिनुपर्छ:

- जथाभावी रुखका हाँगा भाँच्ने वा रुख काट्ने गर्नुहुँदैन ।

- वनमा फोहोर फाल्नुहुँदैन ।
- आगो लगाउने वा आगोको झिल्का फाल्ने गर्नुहुँदैन ।
- नयाँ बिरुवा रोप्ने काममा सहयोग गर्नुपर्छ ।
- वनको संरक्षणका लागि बनेका नियमहरू मान्नुपर्छ ।

वनजङ्गल हाम्रा लागि प्रकृतिले दिएको ठूलो उपहार हो । यसको संरक्षण गर्नु हामी सबैको दायित्व हो।यदि हामीले सामुदायिक वनको राम्रोसँग हेरचाह गर्यौं भने यसले हामीलाई सधैँ फाइदा दिइरहन्छ। हामीले एउटा बिरुवा काट्नुपरेमा दुईवटा बिरुवा रोप्ने बानीको विकास गर्नुपर्छ ।

**शिक्षकलाई निर्देशनः** आफ्नो वडामा भएका सामुदायिक वनहरुको नाम टिपाई सम्भव भएसम्म नजिकको सामुदायिक वन भ्रमण गराउनुहोस् ।

**क्रियाकलाप :**

**१. उत्तर लेख्नुहोस् :**

क. सामुदायिक वन भनेको के हो ?

ख. वनबाट ल्याइने कुनै ५ वटा सामानहरुको नाम लेख्नुहोस् ।

ग. वनजङ्गलका महत्वहरु कुनै ५ वटा लेख्नुहोस् ।

घ. वनजङ्गल जोगाउने ५ वटा उपायहरु लेख्नुहोस् ।

**२. आफ्नो वडामा भएका सामुदायिक वनहरुको नाम लेख्नुहोस् ।**

**३. परियोजना कार्यः** आफ्नो नजिकको सामुदायिक वन भ्रमण गरी निम्न कुराहरु तालिकामा भर्नुहोस् :

| सामुदायिक वनको नामः......................................................................... | | |
|---|---|---|
| क.सं. | काठका लागि प्रयोग गरिने बिरुवाहरु | घाँसका लागि प्रयोग गरिने बिरुवाहरु |
| १ | | |
| २ | | |
| ३ | | |

| | | |
|---|---|---|
| ४ | | |
| ५ | | |

४. शिक्षकको सहयतामा विद्यालय परिसरमा २/२ वटा बिरुवाहरु रोप्नुहोस् ।

पाठ

# माटो माटो

(कक्षाकोठामा विद्यार्थीहरू बसेका छन् । नेहा मिस कक्षामा प्रवेश गर्नुहुन्छ ।)



**नेहा मिसः** शुभ प्रभात विद्यार्थीहरू! आज हामी एउटा धेरै महत्त्वपूर्ण विषयमा कुरा गर्नेछौं। के कसैले भन्न सक्छ, हामी जहाँ बस्छौं, जुन जमिनमा खेल्छौं, त्यो के हो?

**रमितः** मिस, त्यो त माटो हो !

**नेहा मिस**: एकदम सही रमित! आज हामी यही माटो बारे जान्नेछौं। माटो किन महत्त्वपूर्ण छ ?

**सारिकाः** माटोमा बिरुवाहरू उम्रन्छन्। हामीले खाने अन्नहरू पनि माटोमै फल्छन् ।

**नेहा मिसः** धेरै राम्रो सारिका! माटो हाम्रो जीवनका लागि अति आवश्यक छ। यसले हामीलाई खानादिन्छ, घर बनाउन मद्दत गर्छ, र धेरै जीवजन्तुहरूको घर पनि हो । माटो बिना हामी बाँच्न सक्दैनौं ।

**आशिषः** मिस, के माटो पनि विभिन्न प्रकारको हुन्छ ?

**नेहा मिसः** हो आशिष, माटो विभिन्न प्रकारको हुन्छ । मुख्यतया हामी पाँच प्रकारको माटोको कुरा गर्छौं :

**बलौटे माटो**: यो खस्रो हुन्छ र पानी धेरै सोस्छ ।

**चिम्टाइलो माटो**: यो एकदमै चिल्लो र टाँसिने खालको हुन्छ । यसले पानी धेरै

समयसम्म अड्याउँछ ।

**दोमट माटो:** यो बलौटे र चिम्टाइलो माटोको मिश्रण हो । यो बिरुवाका लागि सबैभन्दा राम्रो मानिन्छ, किनकि यसमा पानी र हावाको सन्तुलन राम्रो हुन्छ ।

**पाँगो माटो:** पाँगो माटो भनेको नदी वा खोलाले बगाएर ल्याएको गेगर, बालुवा, पाँगो र कुहिएकाझारपात तथा जीवजन्तुको अवशेष मिलेर बनेको मलिलो माटो हो । यो माटो विशेषगरी तराई, बेँसी र नदी किनारका समतल भूभागमा पाइन्छ ।

**हिमानी माटो:** हिमानी माटो भनेको हिमनदीले बगाएर ल्याएका बालुवा, कंकड, पत्थर र विभिन्न आकारका चट्टानका टुक्राहरू मिलेर बनेको माटो हो । यो माटो विशेषगरी हिमालको फेदी र हिमालीक्षेत्रका उपत्यकामा पाइन्छ ।

**रमित:** मिस, माटो कसरी बिग्रन्छ र ?

**नेहा मिस:** यो एकदमै महत्वपूर्ण प्रश्न हो रमित। माटो बिग्रने वा विनाश हुने धेरै कारणहरू छन् ।

**वन फँडानी:** जब हामी रूखहरू काट्छौं, माटोलाई समातेर राख्ने जराहरू हुँदैनन् । जसले गर्दा हावा रपानीले माटो बगाएर लैजान्छ। यसलाई माटो कटान भनिन्छ ।

**धेरै रासायनिक मलको प्रयोग:** खेतमा धेरै रासायनिक मल प्रयोग गर्दा माटोको प्राकृतिक गुण बिग्रन्छ र माटो बाँझो हुन सक्छ ।

**प्लास्टिक र फोहोर:** हामीले जथाभावी फालेका प्लास्टिक र अन्य फोहोरले माटोलाई प्रदूषित गर्छ रबिरुवाहरूलाई बढ्न दिँदैन ।

**औद्योगिक प्रदूषण:** कारखानाबाट निस्कने रसायनले पनि माटोलाई दूषित बनाउँछ।

**अव्यवस्थित खेती प्रणाली:** एउटै बाली बारम्बार लगाउँदा माटोमा पोषक तत्वको कमी हुन्छ ।

**सारिका:** भनेपछि हामीले माटोलाई जोगाउनु पर्छ, होइन त मिस ?

**नेहा मिस:** बिल्कुल सारिका ! माटोलाई जोगाउन हामीले धेरै काम गर्न सक्छौं ।

जस्तै:

- रूख रोप्ने ।
- जथाभावी फोहोर नफाल्ने, विशेषगरी प्लास्टिक ।
- जैविक मलको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- खेती गर्दा बाली परिवर्तन गर्ने ।

**आशिष:** हामीले आज माटोबारे धेरै नयाँ कुराहरू सिक्यौं मिस ।

**नेहा मिस:** मलाई खुशी लाग्यो कि तिमीहरूले ध्यान दिएर सुन्यौ। माटो हाम्रो साथी हो, त्यसैले यसको हेरचाह गर्नु हाम्रो कर्तव्य हो । अर्को कक्षामा हामी माटो जोगाउने उपायबारे अझ विस्तृत छलफल गर्नेछौं ।

**सबै विद्यार्थीहरू:** धन्यवाद मिस ।

## क्रियाकलाप :

### १. उत्तर लेख्नुहोस् :

क. हामीलाई माटो किन आवस्यक पर्दछ ?

ख. माटो कति किसिमका छन्, ती के के हुन् ?

ग. तराई प्रदेशमा पाइने माटो कुन किसिमको माटो हो ?

घ. माटो संरक्षण गर्ने उपायहरु के के हुन् ?

ङ. माटो विनासका कारणहरु के के हुन् ?

### २. खाली ठाउँ भर्नुहोस् :

क. एकदमै चिल्लो र टाँसिने खालको माटो ......................हो ।

ख. खस्रो र पानी नसोस्ने माटो ......................... हो ।

ग. बलौटे र चिम्ट्याइलो माटो मिलेर ..........................बन्छ ।

घ. प्लास्टिक र फोहोरले ..................... माटोलाई प्रदुषित गर्दछ ।

## ३. तालिका भर्नुहोस् :

| माटो विनाश हुने कारण | माटो संरक्षण गर्ने उपाय |
| --- | --- |
| | |

**शिक्षकलाई निर्देशन:** विद्यालय वरपर भएका विभिन्न प्रकारका माटोहरु देखाई तिनीहरुको उपयोगिता, विनासका कारण र संरक्षण गर्ने उपायबारे प्रशस्त उदाहरण दिनुहोस् ।

# पाठ १३ पेसा र व्यवसाय

**पढौं र बुझौं :**





नमस्कार ! मेरो नाम लोकेश गुरुङ हो । मेरो घर ठुलोओइराङमा छ । म ओइराङ आधारभूत विद्यालयमा अध्ययन गर्दछु । मेरो बुवा खेतीपाती गर्नु हुन्छ । वहाँले पशुपालन पनि गर्नु भएको छ। मेरी आमा घरायसी काम गर्नु हुन्छ। यस वाहेक खेतीपातीमा बुवालाई सघाउनु हुन्छ । विद्यालय विदा हुँदा म पनि बुवाआमालाई घरको र खेतीपातीको काम सघाउँछु । बुबाले अलैंची र किवी खेती पनि गर्नु हुन्छ। यसलाई बिक्रि गरी हामीलाई मनग्गे आम्दानी हुन्छ। उक्त आम्दानी खाद्यान्न, लत्ता कपडा, शिक्षा, स्वास्थ्य आदिमा खर्च हुन्छ।

लोकेशको परिवारले जस्तै मानिसहरु जीवन निर्वाहको लागि केही न केही काम गर्दछन् । कामको प्रकृति उनीहरूको रुचि, क्षमता र सिप अनुसार हुने गर्दछ।किसानले खेतीपाती गर्ने, कर्मचारीले कार्यालयमा काम गर्ने, डाक्टरले विरामी जाँच्ने काम गर्दछन् । यसरी जीवन यापनको लागि मानिसले गर्ने मुख्य काम वा व्यवसायलाई पेसा भनिन्छ।



**क्रियाकलाप :**

**अ) तलका प्रश्नहरूको एक वाक्यमा उत्तर लेख्नुहोस् ।**

१. तपाईंको परिवारको मुख्य पेसा के हो ?

२. हामीले कुन कुन खेतीबाट आम्दानी गर्न सकिन्छ ?

३. तपाईंको परिवारले आफ्नो आम्दानी केमा खर्च गर्नुहुन्छ ? कुनै १ को नाम लेख्नुहोस् ।

४. मानिसहरु किन फरक-फरक पेसा अपनाउँछन् ?

५.पेसा व्यवसाय भनेको के हो ?

**आ) उदाहरण हेरी तपाईंको छिमेकमा कुन कुन पेसा व्यवसायमा लागेका मानिसहरु छन् ? कुनै ५नाम, काम र पेसा लेख्नुहोस् ।**

| क्र.सं. | नाम | काम | पेसा |
|---|---|---|---|
| १ | युवराज गुरुङ | पढाउने | शिक्षण |
| २ | | | |
| ३ | | | |

इ) भविष्यमा तपाईंले कृषि पेसा अपनाउनु भयो भने खाद्यान्नबाली वा नगदेबाली कुन खेती गर्नुहुन्छ ? बालीको नाम लेखी कुनै २ ओटा कारण सहित उत्तर लेख्नुहोस् ।

पाठ १४

# खाद्य तथा **नगदेबाली**

**संवाद पढौँ र बुझौँ :**

शिक्षक मनोज राई, कक्षा ५ मा मादीको सेरोफेरो पढाउनु हुन्छ। वहाँको विद्यालय बाघामा छ। (शिक्षक कक्षामा प्रवेश गर्दै)

**शिक्षकः** नमस्कार, सबैजनालाई।

**विद्यार्थीहरु :**नमस्कार ! धन्यवाद सर।

**शिक्षक :**ल सबैजना बस्नुहोस्। आजको पाठको शीर्षक छ, **खाद्य र नगदेबाली**।

**मनिष :** नगदे बाली भनेको के हो, सर ?

**शिक्षक :** हतार नगर्नुहोस् है ! पहिले छलफल गरौं, पछि यस बारे कुरा गरौंला, हुन्न र ?

**विद्यार्थीहरुः** हुन्छ, सर।

**शिक्षकः** हामीहरु, सबै गाउँमा बस्छौं। त्यसैले सबैजसो खेतीपाती गर्छौं, होइन त ?

**विद्यार्थीहरु :** अवश्य हो, सर।

**शिक्षक :** अब भन्नुहोस्, हामी खेतीबाट कुन कुन अन्न उब्जाउँछौं ?

ल, रमा; तपाईंको घरमा कुन कुन अन्न उत्पादन हुन्छ ?

**रमा :** मकै, भटमास, कोदो, सिमी, मस्याम तोरी र आलु। हाम्रो घर अलि लेकमा पर्छ, त्यसैले धान हुँदैन। तल औलमा मात्र धान खेती गरिन्छ।

**शिक्षक :** रमा ! यी बाहेक अन्य कुन कुन खेती हुन्छ ?

**रमा :** हामीले किवी खेती सुरु गरेका छौं। बाख्रा र भैंसी पनि पालेका छौं।

**शिक्षकः** स्याबास ! किवीबेचेर आम्दानी गर्न सकिन्छ। किवीबाहेक अन्य आम्दानी दिने बालीको नाम के होला ?

**घनश्याम :** अलैंची हो, सर। पोहोर त एकमनको एक लाखभन्दा माथि दाम थियो।

**शिक्षकः** किवी र अलैंची बाहेक अरु केही थाहा पाउनु भएको छ ?

**सरस्वती :** चिया खेती हुनुपर्छ । डाँडाखर्कमा ठूलो चिया बगान देखिन्छ ।

**शिक्षकः** अवश्य पनि । हामीले खानको लागि जुन अन्न उत्पादन गर्छौं, त्यसलाई खाद्यान्नबाली भनिन्छ । धान, मकै, कोदो, गहुँ, जौ, फापर आदि खाद्यान्नबाली हुन् ।

**मनिष :** नगदे बालीमा चाहिँ कुन कुन पर्दछ, सर !

**शिक्षकः** राम्रो प्रश्न । हामीले छलफल गऱ्यौं, अलैंची, किवी र चिया नगदेबाली हुन् । जुन बाली आम्दानीको लागि गरिन्छ, त्यसलाई नगदे बाली भनिन्छ । अम्लिसो, रुद्राक्ष, आलु, उखु, कफी, अकबरे खोर्सानी, जडिबुटी र अन्य फलफूल नगदेबाली हुन् ।

**राधिका :**. मादीमा पाइने सवै फलफूलको नाम थाहा छैन सर, बताइदिनुहोस् न ।

**शिक्षकः** फलफूलमा एभोकाडो, सुन्तला, जुनार, आँप आदि पर्दछन् । ल, आजको पाठ सकियो ।

**विद्यार्थीहरुः** धन्यवाद सर ।

**क्रियाकलापः**

**१. माथिको संवाद अध्ययन गरी छोटो उत्तर लेख्नुहोस् ।**

क. बाघामा उत्पादन हुने कुनै २ खाद्यान्नबालीको नाम लेख्नुहोस् ।

ख. बाघामा उत्पादन हुने सबैभन्दा बहुमुल्य नगदेबालीको नाम लेख्नुहोस् ।

ग. खाद्यान्नबाली र नगदेबालीमा के फरक छ, छोटो उत्तर लेख्नुहोस् ।

**२. तपाईंको घरमा उत्पादन हुने कुनै ४ ओटा खाद्यान्नबाली र कुनै ४ नगदेबालीको नाम लेख्नुहोस् ।**

**३. उपयुक्त शब्द छानेर खाली ठाउँ भर्नुहोस् ।**

१. नगदेबाली ………… को लागि खेती गरिन्छ । (खान/आम्दानी)

२. धानखेती ………….. हावापानीमा राम्रो हुन्छ । (गरम/ठण्डा)

३. मकै .......... बाली हो । (नगदे / खाद्य)

**४. पाठमा भएका खाद्यान्न र नगदेबाली बाहेक तपाईंको वडामा अन्य कुनै बाली छन् ? सोधखोज गरी लेख्नुहोस् ।**

| बालीको नाम | खाद्यान्नबाली | नगदेबाली |
|---|---|---|
| ................ | .............. | .............. |
| ................ | .............. | .............. |
| ................ | .............. | .............. |
| ................ | .............. | .............. |

# पाठ १५ जडिबुटी

**चित्र हेरी छलफल गर्नुहोस :**





## तलको अनुच्छेद ध्यानपूर्वक अध्ययन गर्नुहोस् :

**हाम्रा जडीबुटीहरु :**

हाम्रो शरीरको कुनै अङ्गमा गडबडी भए हामी विरामी हुन्छौं । उपचारको लागि हामी नजिकको स्वास्थ्य चौकी जान्छौं । निकै गम्भीर रोग लागेको छ भने हामी अस्पताल जान्छौं । चिकित्सकको सिफारिस अनुसारको औषधि सेवन गर्छौं र सल्लाह पालना गर्दछौं । यसरी हामीहरु रोगबाट बच्ने काम गर्दछौं ।

धेरै वर्ष पहिले हाम्रा पूर्वजहरुले अस्पताल र चिकित्सकको सेवा पाउन सक्दैनथे । त्यसवेला गाउँघरमा न त अस्पताल थिए न त चिकित्सक नै पाइन्थ्यो । देशको राजधानी लगायत ठूला सहरहरुमा मात्र अस्पताल खुलेका थिए । गाउँघरका अधिकांश मानिसहरु धामी झाक्रीबाट उपचार गराउँदथे । धामीझाँक्रीहरू जोखाना हेरेर कुन देउताले दुःख दिएको हो सोही अनुसार कुखुरा, परेवा, हाँस र वोका भाकल गरेर बली दिने गर्दथे । यो भरपर्दो उपचार पद्धति थिएन । तसर्थ मृत्युदर उच्च थियो । विरामीहरू आफैं पनि नजिकको देवीदेवतालाई भाकल गर्ने गर्दथे । देवीदेवतालाई भाकल गर्ने प्रचलन आजपनि छँदैछ ।

समाजका केही अगुवा व्यक्तिहरूले आफ्ना पूर्वजवाट जडीबुटी र तिनका उपयोग वारे जानकारी लिएका थिए । उनीहरू विरामीलाई स्थानीय स्तरमा पाइने जडीबुटी प्रयोग गरी उपचार गर्दथे । आफूले पाएको ज्ञान र अनुभव आफ्ना सन्तानलाई सिकाएर पुस्तान्तरणको काम पनि गर्दथे । यसरी हाम्रो वन जङ्गलमा पाइने जडीबुटीहरुको पहिचान र उपयोग धेरै समयसम्म चलिरह्यो । कालान्तरमा अस्पतालको सेवा विस्तार भएपछि यी जडीबुटीको उपयोग हुन छोड्यो र यसको पहिचान र उपयोगिता गर्न जान्ने मानिसहरु विस्तारै कम हुँदै गए । यसरी यी अमूल्य जडीबुटीहरु ओझेलमा परे र आज यिनीहरु लोप हुने स्थितिमा छन्

। यी जडीबुटीहरुको वैज्ञानिक अध्ययन र अनुसन्धान गरी संरक्षण गर्न सके प्रशस्त आम्दानी गर्न सकिन्छ ।

**आ) माथिको अनुच्छेदका आधारमा छोटो उत्तर लेख्नुहोस् ।**

१. पहिले गाउँघरका अधिकांश मानिसहरु कोबाट उपचार गराउँदथे ?

२. विराम निको पार्न कसलाई भाकल गर्ने प्रचलन थियो ?

३. हाम्रा जडबुटीको के महत्व छ ?

४.जडीबुटीबाट कसरी आम्दानी बढाउन सकिन्छ ?

हाम्रो मादीमा धेरै किसिमका जडीबुटीहरू पाइन्छन् । यी जडीबुटीको वैज्ञानिक अध्ययन, अनुसन्धान गरी व्यावसायिक खेती गरेमा मनग्गे आम्दानी गर्न सकिन्छ । यिनै जडिबुटीहरुबाट अहिले औषधीहरु बनाइन्छ ।

**मादी नगरपालिकामा पाइने प्रमुख जडीबुटीहरु यस प्रकार छन् :**

**क) चिराइतो :-** यो लेकाली भू-भागमा पाइन्छ । यसको जरा धेरै तितो हुन्छ । ज्वरो आउँदा यसको जरासफा गरी घोटेर खाने गरिन्छ ।

**ख) लोठसल्ला :-** सल्ला प्रजातिको यो रुख धेरै लेकमा पाइन्छ । यसको पातवाट क्यान्सरको औषधिबनाइन्छ ।

**ग) यार्सागुम्वा :-** यार्सागुम्वा सबैभन्दा महँगो जडीबुटी हो । जमिनमाथिको भाग वनस्पति र जमिन मुनि किराको रुपमा हुन्छ । यो शक्तिवर्धक औषधि हो । मादीमा पाइने यार्सागुम्बा केही निम्नस्तरको मानिन्छ । उच्चस्तरको यार्सागुम्वा हिउँदमा हिउँ जम्ने ठाउँमा मात्र पाइन्छ ।

**घ) बिख्मा :-** यो हिउँ पर्ने लेकाली भूभागमा पाइन्छ । पाचन प्रणाली गडवड भएमा यो खाँदा ठिक हुन्छ ।

**ङ) सतुवा :-** लेकाली भूभागमा पाइने यो जडिवुटी काटेको घाउमा लगाउदा घाउ ठिक हुन्छ ।

**च) पारिजात :-** औलातिर पाइने यो जडिबुटी उच्च रक्तचाप नियन्त्रण गर्न यसको मुना खाइन्छ ।

**छ) भूतकेश :-** काटेको घाउमा रक्तश्राव रोक्न यसले मद्धत गर्दछ ।

**ज) टिमुर :-** यसले खाना पचाउन पाचकको काम गर्छ ।

**झ) बोजो :-** अन्न भण्डारण गरेको ठाउँमा घुन, पुत्ली नियन्त्रण गर्न यसको प्रयोग गरिन्छ ।

यी बाहेक घोडताप्रे, तुलसी, हड्चुर, बूढोओखत, बाकलपाते, पाखनवेत, खानक्पा, अमला, सत्यजीवन, असुरो, चाबो, हर्रो, चिम्फिङ, तितेपाती, पाँचऔंले,बर्रो, कुड्की, खोकिम, जिम्बु, गाँजा, धतुरो आदि मादीमा पाइने अन्य जडीबुटीहरु हुन् ।

**३. माथिको पाठका आधारमा तलको अभ्यास गर्नुहोस् ।**

१. तपाईको वडामा पाइने कुनै दुई ओटा जडीबुटीको नाम लेख्नुहोस् ।

२. जडीबुटीबाट हुने २ वटा फाइदाहरू लेख्नुहोस्

## पाठ १६

# कला र प्रविधि

**कविता लय मिलाएर वाचन गरौं :**

काठबाट बन्छ दाँदे, बाँसको बलियो बलो,
गोरु जोत्न चाहिन्छ है हरिस, जुवा, हलो ।





कोदो, गहुँ राख्ने कोठो, बच्चा सुत्ने कोक्रो,
अल्लोबाट बन्छ कोट टोपी अनि धोक्रो ।



पिङ थाप्न लिङ्गो भए बाबियोको डोरी,
पातबाट बोहोतो त दुना र टपरी ।



ओदालपाटबाट बन्छ मदानीको नेती
बलियो हुन्छ दारको पोङ, तोङ्बा अनि ठेकी ।



माछा मार्न चाहिन्छ है ढडीया र खुँगी,
मादल, ढोल, दमाहा अनि ट्याम्को र खैंजड़ी ।



बनाउँछौं आफ्नै सिपमा, आफैं प्रयोग गर्छौं,
धेर, थोर प्रयोग गरी, आफ्नो गर्जो टार्छौं ।

**क्रियाकलाप :**

**१. माथिको कविताका आधारमा तलको अभ्यास गर्नुहोस् ।**

१. वन पैदावरवाट निर्मित विभिन्न सामग्रीहरुको नाम टिपोट गर्नुहोस् ।

दाँदे .................... .......................... ............................

.................... .................... ...................... ......................

.................... ................... .................... ...................

**२. वन पैदावरबाट निर्मित वस्तुहरु के बाट वनेका हुन । नाम लेखी कोष्ठमा [ √ ] चिन्ह दिनुहोस् ।**

| वस्तुको नाम | काठ | बाँस/मालिङ्गो |
|---|---|---|
| दाँदे | | |
| | | |
| | | |
| | | |
| | | |

## ३. पढौं र जानी राखौं :

कृषि र पशुपालन व्यवसायमा संलग्न किसानलाई धेरै वस्तुको आवश्यकता पर्दछ । किसानहरु त्यहींको वातावरणमा पाइने वस्तुहरु प्रयोग गर्छन् । ती वस्तुहरुलाई स्थानीय प्रचलित सिप तथा प्रविधि प्रयोग गरी उपयोग गर्ने गर्दछन् । ती सिप तथा कला आफ्ना सन्तानलाई सिकाएर पुस्तान्तरण गर्ने गर्दछन् ।

वनपैदावारबाट बन्ने सामग्रीहरु :

**(क) हलो, जुवा, हरिस, दाँदे लिँडुल्को** - खेतबारी जोत्न र डल्ला फुटाउन

(ख) ठेकी, हर्पे, डाडु, दुधेरो, गरियो, फाम, कोशी, चौँठो, माली मदानी, घुर्रो, कोइला- दूध,दही,घिउ, राख्न, मोही पार्न/बोक्न ।

(ग) पुङ, तोङ्वा रक्सी राख्न/जाँड खान (मद्ययपान स्वास्थ्यका लागि हानिकारक छ ।)

(घ) काठको बाकस, तान, हतासो, घार, आरी, कोल, डुँड, चर्खा, तोक्मा, मादल, ढोल, ढ्याङ्ग्रो, खैंजड़ी, डम्फू, दमाहा, ट्याम्को, ढोलक, फ्याउरी आदि ।

(ङ) बाँस तथा मालिङ्गाका चोयाबाट बन्ने सामग्रीहरु- डोको, नाम्लो, डालो, खाङ्ग्रे, भकारी, चित्रा, मान्द्रो, भुने, डेली, खुँगी, ढडिया, छपनी, पेचा, पेरुङ्गो, थन्से, घोबे, कोठो, फरिको, टाटी, नाङ्लो, चाल्नो, ढाकर, भार, झक, डोरी, दाम्लो, मोहोला, कोक्रो, काम्रो, भऱ्याङ्, ढुङ्ग्रो, सोते, दाविलो, मुढा, लौरो, गुलेली, गजो, तोस्रो, वट्नेउटो, तागे, बाँसुरी, मुरली, घुम आदि ।

(च) अल्लो (ढ्याङ्ग्रे सिस्नु) बाटः- धोक्रो, कपडा र झोला आदि ।

(छ) पातबाट - दुना, टपरी, बोहोती, ठहरी, घुम छाप्न

(ज) अर्गेली/लोक्ता/कागतेबाट - नेपाली कागज, डोरी

(झ) लेकको फुर्के र सेतो सालिम्बो तथा औलको रातो सालिम्बोबाट घरको छानो छाप्दा धेरै वर्ष खप्छ ।

माथि उल्लेखित वस्तुहरुमध्ये केही वस्तुहरु अहिले प्रचलनमा छैनन् । प्लास्टिक तथा धातुबाट बनेका सामानले ती वस्तुहरु विस्थापित भएका छन् । हामीले ती वस्तुहरु संरक्षण गर्नु पर्दछ । तिनीहरु हाम्रा मौलिक पहिचानका वस्तु हुन् ।

**क्रियाकलाप :**

क) तपाईंको घरमा काठबाट स्थानीय सिपले तयार भएका कुनै ५ वटा वस्तुको नाम लेख्नुहोस् ।

ख) बाँस तथा मालिङ्गाका चोयाबाट बन्ने कुनै ५ वटा सामग्रीको नाम लेख्नुहोस् ।

४. तल केही वस्तुका नाम दिइएका छन् । तिनीहरु के का लागि प्रयोग गरिन्छन्, खाली ठाउँमा लेख्नुहोस् ।


| वस्तु | प्रयोग |
|---|---|
| क) डोको | ........................................... |
| ख) डालो | ........................................... |
| ग) मान्द्रो | ........................................... |
| घ) बाँसुरी | ........................................... |
| ङ) नाङ्लो | ........................................... |
| च) दाबिलो | ........................................... |
| छ) मोहोला | ........................................... |
| ज) गुलेली | ........................................... |
| झ) टपरी | ........................................... |

**५) प्रयोगात्मक कार्यः**

वनपैदावरबाट कुनै एक सामग्री तयार पारी कक्षामा प्रदर्शन गर्नुहोस् ।

पाठ १७ 

# हाम्रो पर्यटन










## क) पर्यटन

**परिचयः** मानिसहरु धार्मिक, व्यवसायिक एवम् मनोरञ्जनकालागि एक ठाउँबाट अर्को ठाउँ जाने आउने गर्दछन् । मानिसहरु आवतजावत गर्ने प्रकृयालाई पर्यटन भनिन्छ । यसरी यात्रा गर्ने व्यक्तिलाई पर्यटक भनिन्छ । पर्यटकहरु २ प्रकारका हुन्छन् ।

१. **आन्तरिक पर्यटकः** आफ्नै देश भित्र यात्रा गर्ने व्यक्ति आन्तरिक पर्यटक हुन् ।

२. **वाह्य पर्यटकः** अन्य मुलुकवाट नेपाल घुम्न आउने व्यक्ति बाह्य पर्यटक हुन् ।

## (ख) पर्यटन व्यवसायमा संलग्न व्यक्ति र व्यवसायी

**१. पथप्रदर्शक :** पर्यटकलाई बाटो देखाउने, घुमाउने र कुनै स्थान विशेषको महत्व बताउने व्यक्ति पथप्रदर्शक हुन् । यसबाट उनीहरुलाई आय आर्जन हुन्छ ।

**२. भरिया :** दुर्गम स्थानमा सामान ओसार पसार गर्न भरिया चाहिन्छ । यस कामबा उनीहरु पैसा प्राप्तगर्छन् ।

**३. होटल व्यवसायी:** पर्यटकलाई खाना र वस्नको सुविधा दिएर होटल व्यवसायीले आय आर्जन गर्दछन् ।

**४. यातायात व्यवसायी:** पर्यटकलाई गाडी/वस वाट कुनै ठाउ घुमाएर उनीहरु भाडा वापत आय आर्जनगर्छन् ।

## ग) मादीको प्रमुख पर्यटकीय स्थलहरु

मादीमा धेरै पर्यटकीय स्थलहरु छन् । यहाँ एउटा प्रमुख पर्यटकीय स्थलवारे अध्ययन गरौं ।







## तिन्जुरे-मिल्के-जलजले क्षेत्र (TMJ)

विश्वमा पाइने ३२ प्रजातिका गुराँस मध्ये २८ प्रजातिका गुराँस यस क्षेत्रमा पाइन्छन् । त्यसैले यसलाई नेपालकै गुराँसको राजधानी भनिन्छ । सबैभन्दा ठूलो काण्ड भएको र अग्लो रुख हुने प्रजातिको दुर्लभ गुराँस तीनजुरे-मिल्के-जलजले क्षेत्रमा मात्र पाइन्छ । हरेक वर्ष चैत्र, वैशाख महिनामा यो क्षेत्र गुराँस फूलेर आकर्षक र मनमोहक हुन्छ । आन्तरिक र बाह्य पर्यटकको घुइँचो लाग्छ ।. चौकी र मंगलवारे बजारमा पर्यटकका लागि खाना र बास बस्न होटल र लजको सुविधा छ । मंगलबारे बजारबाट कंचनजंघा र मकालु हिमालको मनोरम दृश्य देख्न सकिन्छ ।

यहाँका पर्यटन व्यवसायीहरुले होटल र लज संचालन गरेर आम्दानी गर्दछन् । पर्यटकको आगमनले गुराँस संरक्षणमा मद्दत पुगेको छ । गुराँस संरक्षणले यस क्षेत्रको सुन्दरता बढेको छ । वायु प्रदूषण कम भई पर्यावरण स्वच्छ भएको छ । यसबाट मानिस र जीवजन्तुका स्वास्थ्यमा सुधार गर्न मद्धत पुगेको छ ।

तराई, विराटनगर, धरानबाट बसमा यात्रा गरी बसन्तपुर हुँदै यहाँ पुग्न सकिन्छ । काठमाडौं-तुम्लिङ्टार हवाई यात्रा पछि चैनपुर-मादी-मूलखर्क हुँदै गाडीबाट पनि TMJ क्षेत्रमा पुग्न सकिन्छ ।

**अभ्यासः**

१. मानिसहरु किन एक स्थानबाट अर्को स्थान घुम्न जान्छन् ?

**२. जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| (क) गुराँसको राजधानी | मकालु |
| (ख) दुर्लभ | घुम्ने व्यक्ति |
| (ग) हिमाल | तीनजुरे-मिल्के-जलजले(TMJ) |
| (घ) चितुवा | लोपोन्मुख/कुनै ठाउँ विशेषमा मात्र पाइने |
| (ङ) पर्यटक | वन्यजन्तु |
| | ओखरबोटे |

**३. छोटो उत्तर लेख्नुहोस् ।**

(क) तीनजुरे, मिल्के, जलजलेलाई किन गुराँसको राजधानी भनिएको हो ?


(ख) मंगलबारे-चौकीबाट देखिने दुईवटा हिमालको नाम लेख्नुहोस् ।

(ग) चैत्र, वैशाख महिनामा किन धेरै पर्यटक TMJ क्षेत्रमा आउँछन् ?

(घ) पर्यटन व्यवसायबाट हुने कुनै एउटा फाइदा लेख्नुहोस् ।

**४. आफ्नो वडामा भएको पर्यटकीय स्थानको भ्रमण गरी उक्त स्थानको वर्णन गर्नुहोस् र**

त्यसको महत्त्व समेत लेख्नुहोस् ।




५. उदाहरण हेरी तल दिइएका कुनै १ स्थानको पर्चा तयार पारी कक्षामा प्रदर्शनगर्नुहोस् ।

उदाहरणः

क) राम्बेनी दोभान

ख) मानेहाट डाँडा

ग) देवढुङ्गा

(घ) तपाईंको वडामा भएको पर्यटकीय स्थान

# पाठ १८ वडा कार्यालयका सेवाहरु




**अध्ययन गरौं :**

नमस्कार ! मेरो नाम प्रकृति राई हो । मेरो बुबा वडा कार्यालयमा वडा सचिव हुनुहुन्छ । मैले बुबासँग वडा कार्यालयले के के सेवा दिन्छ भनेर जिज्ञासा राखेकी थिएँ । वडा कार्यालयले दिने सेवाहरु यस प्रकार रहको कुरा बताउनु भयो ।

१.जन्मदर्ता

२.मृत्यदर्ता

३.बसाइँसराइ दर्ता, सम्बन्ध बिच्छेद दर्ता लगायतका घटना दर्ता

४.विभिन्न खालका कर दर्ता

५.विद्युत जडान, धारा जडान, नागरिकता सिफारिस, आर्थिक अवस्था कमजोर, विपन्नता प्रमणित सिफारिस ।

त्यसैगरी वडा कार्यालयले आफ्नो वडाको विकासका लागि बजेट निर्माण गर्दछ । गाउँघरमा झैझगडा भएमा मेलमिलाप गर्ने र दैविक विपत्ति आइपर्दा सहयोग गर्दछ भनेर बुबाले मेरो जिज्ञासा मेटिदिनु भयो ।

**क्रियाकलाप:**

**१. खाली ठाउँ भर्नुहोस् :**

क. जन्मदर्ता गर्न ................................जानुपर्छ ।

ख. मानिस मरिसकेपछि .........................गरिन्छ ।

ग.नागरिकताको प्रमाणपत्र बनाउन वडा कार्यालयको ....................चाहिन्छ ।

घ. वडाको विकासका लागि बजेट निर्माण ..........................ले गर्छ ।

**२. जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| जन्मदर्ता | विवाह गरेपछि गर्नुपर्छ । |
| मृत्युदर्ता | बसाइँसराइ गरेपछि गर्नुपर्छ । |
| विवाहदर्ता | मानिस जन्मिएपछि गर्नुपर्छ । |
| बसाइँसराइ | मानिस मरेपछि गर्नुपर्छ । |

**३. तलका प्रश्नहरुको उत्तर दिनुहोस् :**

क) जन्मदर्ता कहिले गर्नुपर्छ ?

ख) मृत्युदर्ता गर्न कहाँ जानुपर्छ ?

ग) वडा कार्यालयले कस्ता कस्ता सिफारिस दिन्छ ?

घ) गाउँघरमा झैझगडा भएमा कसले मेलमिलाप गर्न सहयोग गर्छ ?

**४. परियोजना कार्यः आफू बसेको वडाको वडा कार्यालय भ्रमण गरी वडाबाट प्राप्त हुने सेवा सुविधाको सूची तयार गरी कक्षाकोठामा टाँस्नुहोस् ।**

# पाठ १९ हाम्रा छिमेकी पालिका





नमस्कार भाईबहिनीहरु !
आज हामी हाम्रा छिमेकी पालिकाका बारेमा पढ्न गईरहेका छौं । तपाईँहरुलाई थाहा छ, हामी कुन पालिकामा बस्छौं ?

सरोजः हामी मादी नगरपालिकामा बस्छौं, मिस ।

मिसः धन्यवाद ! सरोज, हो हामी मादी नगरपालिकामा बस्छौं । हाम्रो नगरपालिकाको केन्द्र कहाँ हो; थाहा छ ?

श्यामः थाहा छ मिस, हाम्रो पालिकाको केन्द्र ओखरबोटे हो नि मिस ।

मिस : धन्यवाद श्याम; तपाईँहरुलाई मादी नगरपालिकाका छिमेकी पालिका कुन कुन हुन, थाहा छ ?

हरिः धर्मदेवी नगरपालिका मिस ।

भुवनः होइन, चैनपुर नगरपालिका ।

मिसः धन्यवाद ! तपाईँहरु दुवैजनालाई । वास्तवमा मादी नगरपालिकाका छिमेकी पालिकाहरु पूर्वमा तेह्रथुम जिल्लाको म्याङ्लुङ नगरपालिका, मेन्छ्यायेम गाउँपालिका र चैनपुर नगरपालिका पर्दछ भने उत्तर र पश्चिममा चैनपुर नगरपालिका पर्दछ । त्यसै गरी दक्षिण र पश्चिममा धर्मदेवी नगरपालिका पर्दछ । अब म तपाईँहरुलाई यिनीहरुको पालिका केन्द्रका बारेमा बताउँछु है त । हाम्रा छिमेकी पालिकाहरु म्याङ्लुङ् नगरपालिका, मेन्छ्यायेम

गाउँपालिका, धर्मदवी नगरपालिका र चैनपुर नगरपालिका र पालिका केन्द्रहरु क्रमशः म्याङ्लुङ्, मोराहाङ, मुढे शनिश्चरे र चैनपुर रहेका छन् ।

विद्यार्थीहरुः धन्यवाद! मिस, हामीले पालिकाका केन्द्रहरु पनि जान्यौं ।

मिसः ल बधाई छ सबैलाई । अब कहिल्यै नबिर्सिनु है ।

विद्यार्थीहरुः हुन्छ मिस ।

**क्रियाकलाप :**

## १. तलका प्रश्नको उत्तर लेख्नुहोस ।

क) मादी नगरपालिकाको पूर्वमा कुन कुन पालिका छन् ?

ख) मादी नगरपालिकाको दक्षिणमा कुन पालिका रहेको छ ?

ग) चैनपुर नगरपालिकाको केन्द्र कहाँ रहेको छ ?

घ) मेन्छ्यायेम गाउँपालिकाको केन्द्र कहाँ छ ?

## २. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| मेन्छ्यायेम गाउँपालिका | मुढे शनिश्चरे बजार |
| चैनपुर नगरपालिका | मोराहाङ |
| धर्मदेवी नगरपालिका | म्याङलुङ बजार |
| म्याङलुङ नगरपालिका | चैनपुर बजार |
| | ओखरबोटे बजार |

**शिक्षकलाई निर्देशनः मादी नगरपालिकाको नक्सा बनाई छिमेकी पालिकाहरुको दिशा देखाई देखाउनुहोस् ।**

## पाठ २०

# हाम्रो विद्यालय



**गीत गाऔँ :**

साविक मावादिन थियो नि लै लै गाविस पहिले
मादी नगरका. सात आठ नौ वडा भाको छ अहिले ॥

जनता माध्यमिक विद्यालय बाघा है पऱ्यो सात नम्बर वडामा
सिंहदेवी आ.वि.छ नि है लै लै बाघाकै शिरमा ॥

सरस्वती मा.वि एउटै मात्र आठ नंम्बर वडामा
सोमबारे बजार रहेको छ है मावादिन डाँडैमा ॥

हाङ्थाना माध्यमिक विद्यालयरहेको छ है नौ नम्बर वडामा
उधोलाई हेऱ्यो लौ लिङ्गेश्वरी खम्पुजङ शिरैमा ॥

**शिक्षकलाई निर्देशन: भिर कुनै माथि भिर मौरी घुम्यो....... को भाकामा माथिको गीत गाउन अभ्यास गरे पश्चात आफूरहेको साविक गाविस भित्रका विद्यालयसँग आधारित रहेर दिएको क्रियाकलापहरु गराउनुहोस् ।**

### १. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क. तपाईंको विद्यालय साविकको कुन गाविस अन्तरगत पर्छ ?

ख. तपाईंको विद्यालय रहेको साविक गाविस भित्र कतिवटा विद्यालय रहेका छन् ?

ग. तपाईंको विद्यालय रहेको साविक गाविस भित्र कतिवटा माध्यमिक विद्यालय र कतिवटा आधारभूत विद्यालय रहेका छन् ?


### २. तपाईंको विद्यालय रहेको वडा भित्रका सामुदायिक, धार्मिक र संस्थागत विद्यालयहरुको सूची तयार गर्नुहोस् ।

**३.परियोजना कार्य** : माथिको गीतको आधारमा तपाईंको विद्यालय रहेको साविक गाविस भित्र रहेका विद्यालयहरुको नामसमेटिने गरी एउटा गीत तयार गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

# पाठ २१

# मादीको शिक्षा विगत र ववर्तमान



## पढौं र बुझौं :

प्रजातन्त्र स्थापना पूर्व मादीमा विद्यालयहरु खुलेका थिएनन् । मादीबासीहरु अध्ययन गर्न मादी बाहिर जाने गर्दथे । त्यो समयमा हुनेखानेहरुले मात्र शिक्षाको अवसर लिन सक्थे । कोही कोही भारतको वनारससम्म पनि शिक्षा लिन जान्थे । सर्वसाधारणहरुले शिक्षाको अवसर लिन पाएका थिएनन् । वि.सं.२००८ सालमा मादी स्कुलको स्थापना भयो र मादीमा पनि औपचारिक शिक्षाको सुरुवात भयो । त्यही स्कुल हाल मादी माध्यमिक विद्यालयको नामबाट देशभर प्रख्यात छ । मादी स्कुल खुलेसँगै मादी भित्रका गाउँ गाउँमा अन्य विद्यालयहरु खुल्दैगए । हाल मादी नगरपालिका भित्र ३२ वटा सामुदायिक , १ वटा धार्मिक तथा १ वटा संस्थागत विद्यालय गरी जम्मा ३४ वटा विद्यालयहरु रहेका छन् । जसमध्ये ८ वटा माध्यमिक विद्यालय, ६ वटा आधारभूत तह (कक्षा १-८) र २० वटा आधारभूत विद्यालय.छन् । १२ कक्षासम्म सञ्चालित विद्यालयहरु ३ वटा, १० कक्षासम्म मात्र सञ्चालित विद्यालयहरु ५ वटा, ८ कक्षासम्म मात्र सञ्चालित विद्यालयहरु ६ वटा, ५ कक्षासम्म मात्र सञ्चालित विद्यालयहरु १० वटा र ५ कक्षा भन्दा कमसम्म सञ्चालित विद्यालयहरु १० वटा रहेका छन् । मादीमा शिक्षा शास्त्र संकाय र वाणिज्य संकाय अध्ययन गर्नका लागि एउटा उच्च शिक्षा प्रदायक संस्था मादी बहुमूखी क्याम्पस मादी पनि यस नगरपालिकामा रहेको छ । हाल मादीबासीहरुले साधारण शिक्षादेखि प्रविधिक शिक्षा अन्तरगत विज्ञान र कम्प्युटर शिक्षा अध्ययन गर्न मादीबाट बाहिर जानु पर्दैन । मादी माध्यमिक विद्यालय मादीमा प्राविधिक शिक्षा सञ्चालन भइरहेको छ ।

## क्रियाकलाप :

### १. खाली ठाउँ भर्नुहोस् ।

१. मादी नगरपालिकाभित्रको पहिलो पुरानो विद्यालय .................. हो ।

२. मादी नगरपालिकाभित्र ...............वटा माध्यमिक विद्यालयहरु रहेका छन् ।

३. मादी नगरपालिका भित्र कक्षा दशसम्म संचालन भएका विद्यालयहरु.........वटा छन् ।

४. मादी माध्यमिक विद्यालयको स्थापना वि.सं. ............ मा भएको हो ।

५. हाल मादी नगरपालिकाभित्र ३२ वटा ................ विद्यालय रहेका छन् ।

## २. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

१. मादी नगरपालिकाभित्र कति वटा माध्यमिक विद्यालय रहेका छन् ?

२. मादी नगरपालिकाभित्र कक्षा १२ सम्म संचालित माध्यमिक विद्यालयहरु कतिवटा छन् ?

३. मादीको एकमात्र प्राविधिक धारको पठनपाठन हुने विद्यालय कुन हो ?

४. साविक मादीमूलखर्क गाविसमा कतिवटा माध्यमिक विद्यालय रहेका छन् ?

५. मादी बहुमुखी क्याम्पस कहाँ रहेको छ ?

**३. परियोजना कार्य :** शिक्षकको सहयोग लिई तल दिएको तालिकामा मादी नगरपालिका भित्रका माध्यमिक विद्यालयहरुको ठेगाना र स्थापना मिति खोजी गरी तालिका पुरा गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | स्थापना मिति (वि.सं.मा) |
|---|---|---|---|
| १. | श्री उम्लिङ माध्यमिक विद्यालय | | |
| २ | श्री मायादेवी माध्यमिक विद्यालय | | |
| ३ | श्री विनोद माध्यमिक विद्यालय | | |
| ४ | श्री नारायण माध्यमिक विद्यालय | | |
| ५ | श्री मादी माध्यमिक विद्यालय | | |
| ६ | श्री जनता माध्यमिक विद्यालय | | |
| ७ | श्री सरस्वती माध्यमिक विद्यालय | | |

| | | | |
|---|---|---|---|
| ८ | श्री हाङथाना माध्यमिक विद्यालय | | |

# पाठ २२ मेरो विद्यालय



मेरो नाम सुमन कडुवाल हो । म श्री मायादेवी माध्यमिक विद्यालय.कानपुरको कक्षा ५ मा पढ्छु । मेरो विद्यालय मादी नगरपालिका वडा नम्बर २ को साविक मादी मुलखर्क गा.वि.स.मा पर्छ । मेरो विद्यालय सामुदायिक विद्यालय हो । मेरो वडाभित्र श्री ओइराङ आधारभूत विद्यालय ओइराङ् , श्री धनपोखरी आधारभूत विद्यालय सानो ओइराङ र मेरो विद्यालय गरी जम्मा ३ वटा विद्यालय रहेका छन् । मेरो विद्यालय रहेको वडामा संस्थागत र धार्मिक विद्यालय रहेका छैनन् । साविक मादी मूलखर्क गा.वि.स.भित्र एउटा धार्मिक विद्यालय सहित १६ वटा विद्यालय रहेका छन् । मेरो विद्यालयमा जम्मा १३६ जना विद्यार्थीहरु रहेका छन् । मेरो विद्यालयमा रहेका विद्यार्थीहरुको लिङ्गगत र जातिगत विवरण निम्नानुसार रहेको छ ।

## तालिका नम्बर ८ : विद्यार्थी विवरणशै.स. २०८२

| सि. नं. | कक्षा | जम्मा विद्यार्थी | | | दलित | | | जनजाती | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | बाल | ६ | २ | ८ | | | | - | - | - | ६ | २ | ८ |
| २ | १ | १० | - | १० | | | | | १ | १ | - | ९ | ९ |
| ३ | २ | २ | ४ | ६ | | | | १ | २ | ३ | १ | २ | ३ |
| ४ | ३ | ७ | ५ | १२ | | | | २ | २ | ४ | ३ | ५ | ८ |
| ५ | ४ | ४ | १२ | १६ | | | | १ | ४ | ५ | ३ | ८ | ११ |
| ६ | ५ | ७ | ४ | ११ | | | | ४ | ३ | ७ | ३ | १ | ४ |
| ७ | ६ | ९ | ७ | १६ | | | | ३ | २ | ५ | ६ | ५ | ११ |
| ८ | ७ | ५ | १३ | १८ | | | | १ | २ | ३ | ४ | ११ | १५ |
| ९ | ८ | ४ | १० | १४ | | | | ३ | ४ | ७ | १ | ६ | ७ |
| १० | ९ | ५ | ८ | १३ | | | | ३ | २ | ५ | २ | ६ | ८ |
| ११ | १० | ८ | ४ | १२ | | | | ४ | - | ४ | ४ | ४ | ८ |
| | जम्मा | **५७** | **७९** | **१३६** | | | | **२२** | **२२** | **४४** | **३३** | **५९** | **९२** |

**स्रोतः श्री मायादेवी मा. वि. कानपुर, शै. स.२०८२**

मेरो विद्यालयमा रहेको शिक्षक अभिभावक संघ कार्यकारी समितिको अध्यक्षको नाम श्री भक्त बहादुर कार्की हो । यस समितिको पदावधि २ वर्षको हुन्छ । मेरो विद्यालयको शिक्षक अभिभावक संघ कार्यकारी समितिको नामावली विवरण यस प्रकार रहेको छ ।

**तालिका नम्बर ९ : शि.अ.संघ कार्यकारी समितिको नामावली विवरण**

| सि.नं | नाम,थर | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री भक्त बहादुर कार्की | अध्यक्ष | अभिभावकबाट |
| २ | श्री हेम बहादुर अधिकारी | सदस्य | अभिभावकबाट |
| ३ | श्री निमा ल्हामु शेर्पा | सदस्य | अभिभावकबाट |
| ४ | श्री देवीमाया अधिकारी | सदस्य | अभिभावकबाट |
| ५ | श्री दिल बहादुर लिम्बु | सदस्य | अभिभावकबाट |
| ६ | श्री पविना खत्री | सदस्य | अभिभावकबाट |

| | | | |
|---|---|---|---|
| ७ | श्री दिल बहादुर कार्की | सदस्य | विव्यस अध्यक्ष (पदेन) |
| ८ | श्री  संगीता घिमिरे | सदस्य | शिक्षक प्रतिनिधि |
| ९ | श्री चन्द्र बहादुर खड्का | सदस्य सचिव | प्रधानाध्यापक |

विद्यालयमा रहेने शिक्षक अभिभावक संघ कार्यकारी समितिको  काम, कर्तव्य र अधिकार निम्न अनुसाररहेका छन् ।

१. विद्यालयमा शिक्षाको गुणस्तर कायम गर्नका लागि आवश्यक काम गर्ने ।

२. विद्यालयले निर्धारण गरेको शुल्क शिक्षा नियमावली बमोजिम भए नभएको अनुगमन गर्ने र सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने ।

३. विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तरक्रिया गर्ने ।

**क्रियाकलाप :**

**१.खाली ठाउँ भर्नुहोस् ।**

१. मेरो विद्यालय .................. विद्यालय हो ।

२. मेरो विद्यालय साविक .............. गा.वि.स. मा पर्छ ।

३. मेरो वडामा  ................ वटा विद्यालय रहेका छन् ।

४.मेरो विद्यालयमा जम्मा .......... विद्यार्थी छन् ।

**२. ठिक बेठिक छुट्याउनुहोस् ।**

१. मेरो विद्यालय संस्थागत विद्यालय हो ।

२. मेरो विद्यालयमा  बाल कक्षादेखि कक्षा ८ सम्मको पढाइ हुन्छ ।

३. शिक्षक अभिभावक संघ कार्यकारी समितिको पदावधि ३ वर्षको हुन्छ ।

४. सामुदायिक विद्यालय भनेको सरकारी विद्यालय हो ।

## ३. तलका प्रश्नको उत्तर लेख्नुहोस् ।

क. तपाईंको विद्यालय रहेको साविक गा.वि.स.भित्र रहेका विद्यालयको सूची तयार गर्नुहोस् ।

ख. तपाईंको विद्यालयको शिक्षक अभिभावक संघ कार्यकारी समितिको अध्यक्षको नाम के हो ?लेख्नुहोस् ।

ग. शिक्षक अभिभावक संघ कार्यकारी समितिका ३ वटा कामको सूची तयार गर्नुहोस् ।

## ४.परियोजना कार्य :

शिक्षकको सहयोगमा तपाईंको विद्यालय रहेको साविक गा.वि.स.भित्रका विद्यालयहरुको नाम र ठेगाना खोजीगरी तलको तालिका भर्नुहोस् ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |

## ५. तपाईंको विद्यालयमा रहेका विद्यार्थीको विवरण विद्यालयका प्रधानाध्यपकसँग सोधखोज गरी तलको तालिका भर्नुहोस् ।

विद्यालयको नाम : ठेगाना :

| सि.नं. | कक्षा | जम्मा विद्यार्थी | | | दलित | | | जनजाती | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | |

# पाठ १३ हाम्रो स्वास्थ्य **संस्था**

**चित्र अवलोकन गरौं :**




**माथिको चित्रहेरी छलफल गर्नुहोस् ।**

(क) माथिको चित्र केको हो ?

(ख) यो चित्र कहाँको हो ?

(ग) जनस्वास्थ्यमा काम गर्ने संस्थाहरुको नाम के के हो ?

(घ) जनस्वास्थ्यमा काम गर्ने संस्थाहरु मादी नगरपालिकामा पनि छन् ?

(ङ) तपाईंको वडामा जनस्वास्थ्यको क्षेत्रमा काम गर्ने संस्थाहरुको नाम लेख्नुहोस् ।

**अध्ययन गरौं :**

## मादी नगरपालिकाका स्वास्थ्य संस्थाहरु

स्वस्थ रहन सुझाव सल्लाह दिनुका साथै बिरामी भएको अवस्थामा बिरामीको सामान्य उपचारदेखि शल्यक्रिया गर्ने संस्था वा कार्यालयलाई स्वास्थ्य संस्था भनिन्छ । मादी नगरपालिकाले पनि मानव स्वास्थ्यमा विगत समयदेखि ध्यान दिँदै आइरहेको छ । यहाँ मानव स्वास्थ्यमा काम गर्ने विभिन्न संघ संस्थाहरु रहेका छन् । सेवा प्रदानको हिसाबले कुनै संघ संस्थाले धेरै सेवा प्रदान गर्दछन् भने कुनैले कम सेवा प्रदान गर्दछन् । सेवाको स्तर अनुसार निम्न वमोजिमका संघ संस्थाहरु यस पालिकामा रहेका छन् । गैह्र सरकारी तवरबाट पनि स्वास्थ्य सेवामा सहयोग गर्दै आइरहेका छन् । मादी नगरपालिकामा भएका सरकारी स्वास्थ्य संस्थाहरु र तिनीहरुको नाम र ठेगाना देहायबमोजिम रहेको छ ।

**तालिका नम्बर १० : मादी नगरपालिकाका स्वास्थ्य संस्थाहरुको विवरण**

| क.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | मादी नगर अस्पताल | मादी ४, ओखरवोटे |
| २ | मूलखर्क स्वास्थ्य चौकी | मादी ३, मूलखर्क |
| ३ | मावादिन स्वास्थ्य चौकी | मादी ८, मावादिन |
| ४ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी १, उम्लिङ |
| ५ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी २, कानपूर |
| ६ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ५, पिपलबोटे |
| ७ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ६, मालबासे |
| ८ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ७, बाघा |

| | | |
|---|---|---|
| ९ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ९, फाविङ |
| १० | नागरिक आरोग्य सेन्टर | मादी ४, ओखरवोटे |
| ११. | शहरी स्वास्थ्य केन्द्र | मादी १, चौकी |
| १२. | गाउँघर क्लिनिक | मादी ५, डाँडाखर्क |

**नोट : निक साइमनजस्ता गैरसरकारी संस्थाहरुले पनि मादी नगरपालिकामा स्वास्थ्य सम्बन्धी कार्यहरु गर्दै आइरहेको छ ।**

**क्रियाकलाप :**

**१. तलका प्रश्नहरुको उत्तर दिनुहोस्।**

(क) मादी नगरपालिकामा कतिवटा वडा स्वास्थ्य केन्द्रहरु रहेछन् ?

(ख) मादी नगरपालिकामा कतिवटा स्वास्थ्य चौकीहरु रहेका छन् ?

(ग) तपाईंको स्वास्थ्य संस्थाको नाम र ठेगाना के हो ? उल्लेख गर्नुहोस् ।

(घ) स्वास्थ्य संस्थाबाट प्राप्त सेवाहरु उल्लेख गर्नुहोस् ।

**२. खाली ठाउँ भर्नुहोस् :**

क) मादी नगरपालिकाको नगर अस्पताल ........................मा छ ।

ख) मादी नगरपालिकामा .................... वटा स्वास्थ्य चौकी छन् ।

ग) मादी नगरपालिकाका वडाहरुमा ..................... वटा स्वास्थ्य संस्थाहरु छन् ।

घ) मादी नगरपालिकामा नागरिक आरोग्य केन्द्र ..........................मा छ ।

**३.परियोजना कार्य :** नजिकको स्वास्थ्य केन्द्रमा गई त्यसको नाम, ठेगाना, त्यसले दिने सेवा सुविधा बारेकक्षामा छलफल गरी टिपोट प्रस्तुत गर्नुहोस ।

## पाठ १४

# पोषण

**चित्रको अवलोकन गरौं :**







क. प्रस्तुत चित्रहरुमा के के देख्नु हुन्छ ?
   साथीहरुसँग छलफल गर्नुहोस् ।

ख. के तपाईंको घरमा यी खानाहरु
   खानुहुन्छ ?

ग. तपाईंकोघरमा खाने सातवटा
   खानाहरुको नाम लेख्नुहोस् ।

**शिक्षकको सहायतामा लय मिलाई गीत गाऔं :**

सागपात गेडागुडी फलफूल अन्नपात
खाने गरौ सबै मिलाई परिवारको साथ ॥




पानीलाई उमाली वा फिल्टर गरी पिउनू
तागतिला खाना खाई दीर्घ जीवन जिउनू ॥

नखानूहै कचमच खाना बजारबाट आएका
प्याकिङ गरी आएकाहुन् गुण नष्ट भएका ॥



हामी सबै होसी रहौं जीवन जिउनलाई
नभुलौं न पोषिला ती खाना खान लाई ॥

**पढौं, बुझौं र गरौं :**

## स्वस्थ जीवन हाम्रो धन

स्वास्थ्य जीवनयापनको लागि पोषणको आवश्यकता पर्दछ । पोषणयुक्त खानाले मानिसको शारीरिक र मानसिक विकासमा महत्वपूर्ण भूमिका खेल्दछ । हामीले हाम्रै गाउँघरमा पोषणयुक्त खानेकुरा उत्पादन गरी स्वास्थ्यलाभ गर्न सक्दछौं । पोषणयुक्त खानेकुरामा माछा-मासु, दुध, दही, घिउ, ताजा फलफूल, हरिया सागसब्जी आदि पर्दछन् । यस्ता खानेकुरालाई अर्गानिक खानेकुरा पनि भनिन्छ । त्यस्तै गरी हामीले हाम्रो दैनिक जीवनमा कचमच ( जङ्कफुड) खाना पनि खाइरहेका हुन सक्छौं । यो तयारी खानाको प्रयोग गाउँदेखि सहर बढ्दो क्रमसँगै मानव जीवनमा विभिन्न खाले रोगहरु अत्याधिक रुपमा वृद्धि भएको छ । त्यस्ता खानाहरुले पेटको समस्या निम्त्याउने, अनावश्यक खर्च बढाउने, अन्य खानेकुरा खान मन नहुने जस्ता असरहरु देखा पर्दछन् । हामीले खाना खादा बिरुवाबाट प्राप्त खानालाई

धोएर काँचै खाने तथा पकाएर खाने गर्नुपर्दछ । पशुजन्य खानेकुराहरुलाई पकाएर वा उमालेर मात्र खानु पर्दछ । यदि जनावरबाट प्राप्त खानालाई नपकाई वा नउमाली खाने गर्दा जनावरमा हुने रोग मानिसलाई सर्न सक्दछ । हामीले घरपालुवा जनावरबाट विभिन्न खानेकुराहरु प्राप्त गर्दछौं । घरपालुवा जनावरबाट नगद आर्जन हुने, भारी बोकाउन सकिने, खानेकुरा प्राप्त हुने, छालाबाट विभिन्न वस्तु बनाउन सकिने जस्ता फाइदाहरु हुनाले जनावरहरुको खाना, दाना, स्वास्थ्य, सरसफाइ र संरक्षणमा पनि विशेष ध्यान दिनुपर्दछ ।

**क्रियाकलापहरु :**

**१. तलका प्रश्नहरुको उत्तर दिनुहोस् :**

(क) पशुजन्य खानेकुरा खाँदा कसरी खानुपर्दछ ?

(ख) खानेकुराले हाम्रो शरीरलाई के के दिन्छ ?

(ग) पखालेर काँचै खाने खानेकुराहरु कुनै ५ वटाको नाम उल्लेख गर्नुहोस् ।

(घ) कस्ता खानेकुरालाई कचमच खाना (जङ्क.फुड) भनिन्छ ?

(ङ) घरपालुवा जनावरहरुका फाइदाहरु उल्लेख गर्नुहोस् ।

(च) घरपालुवा जनावरहरुको संरक्षणमा ध्यान दिनुपर्ने उपायहरु उल्लेख गर्नुहोस् ।

**२. परियोजना कार्य :**

(क) कक्षामा छलफल गरी पोसिला खाना र कुपोषित खानाको सूची निर्माण गर्नुहोस् ।

(ख) आफ्नो घरमा पालिएका घरपालुवा जनावरको संरक्षणका लागि गरिने विधिहरु टिपोट गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन : स्थानीय स्तरमा प्राप्त थप पोषणयुक्त खानेकुराहरुको बारेमा खोजी गरी शिक्षण गर्नुहोस् ।**

# पाठ १५ सरसफाइ



**चित्र हेरी छलफल गर्नुहोस् :**

(क) चित्रमा के देख्नु भयो ?

(ख) मानिसहरुले फोहर जथाभावी फालेमा के हुन्छ ?

(ग) फोहर व्यवस्थापन गर्न के गर्नु पर्छ ?

(घ) तपाईको घर, विद्यालय, समुदाय र वडा सफा राख्न तपाई के गर्न सक्नुहुन्छ ?



## संवाद

आज स्थानीय विषय मादीको सेरोफेरो शिक्षण गर्ने शिक्षकले कक्षामा सामुदायिक स्वास्थ्य र स्वास्थ्यमा देखापरेका समस्याको बारेमा छलफल गराउँदै हुनुहुन्छ । उक्त सन्दर्भमा भएका कुराकानी अध्ययन गरौं ।

**शिक्षक :-** नानीहरु आज म तपाईंहरुलाई सामुदायिक स्वास्थ्य र स्वास्थ्य समस्याको बारेमा छलफल गराउँदै छु ।

**विद्यार्थी निता : -** सामुदायिक स्वास्थ्य भनेको के हो सर ?

**शिक्षक : -** सामुदायिक स्वास्थ्य भनेको एउटा समुदायमा बसोबास गर्ने सम्पूर्ण व्यक्तिहरुको स्वास्थ्य स्थिति हो ।

**निता :-** यस सामुदायिक स्वास्थ्य भित्र कुन कुराहरु पर्दछन् सर ?

**शिक्षक :-** रोग रोकथाम र नियन्त्रण, मातृ तथा शिशु स्वास्थ्य, पोषण, सरसफाइ र स्वच्छता, स्वास्थ्यशिक्षा र जनचेतना, वातावरणिय स्वास्थ्य, मानसिक स्वास्थ्य, किसोरी स्वास्थ्यजस्ता कुराहरुपर्दछन् ।

**राजन : -** सामुदायिक स्वास्थ्यमा के के पर्दछ भन्ने त थाहा भयो । अब यसमा रहेका समस्याहरु के के हुन्त सर ?

**शिक्षक** : -विभिन्न खाले नयाँ नयाँ रोगहरु आउनु, चेतनाको कमी, भौगोलिक विकटता, प्रजनन् केन्द्रको अभाव, जनसंख्या बृद्धिका कारण वातावरणमा परिवर्तन आउनु, आर्थिक अभाव, जस्ता समस्याहरुले सामुदायिक स्वास्थ्यमा असर पार्दछ ।

**गीता :-**यस्ता समस्याहरु समाधान गर्ने उपायहरु पनि होलान् नि सर ।

**शिक्षक :-**छन् नि किन नहुनु ! रोगहरुको बेलैमा निराकरण गर्ने, जनचेतना फैलाउने, ठाउँ

ठाउँमा प्रजनन् केन्द्रको व्यवस्था मिलाउने, वातावरण प्रदुषण घटाउने, आर्थिक सुधार गर्ने आफूले सरसफाइमा ध्यान दिने, फोहोर व्यवस्थापन गर्ने जस्ता काम भएमा सामुदायिक स्वास्थ्यमा सकारात्मक सुधार हुन्छ ।

**विद्यार्थीहरु** : - धन्यवाद सर !आज सरबाट धेरै कुरा सिक्न पाएकोमा, बाँकी अर्को दिन बुझौंला ।

**शिक्षक :-**धन्यवाद ! नानीहरु (अर्को घण्टी बज्छ , सबै कक्षातिर लाग्छन् )

**क्रियाकलाप :-**

**१.तपाईंको वडामा देखिएका सामुदायिक स्वास्थ्यका समस्याहरु के के छन् ? छलफल गरी पत्ता लगाउनुहोस् ।**

**२.माथिको संवाद अभिनयसहित वाचन गर्नुहोस् ।**

**३. तलका प्रश्नहरुको उत्तर दिनुहोस :**

(क) सामुदाकि स्वास्थ्य भनेको के हो ?

(ख) सामुदाकि स्वास्थ्यभित्र पर्ने कुराहरु के के हुन् ?

(ग) सरसफाइमा ध्यान नदिँदा सामुदायिक स्वास्थ्यमा कस्तो असर पर्दछ ?

(घ) तपाईंको वडाको सामुदायिक स्वास्थ्य सुधारका लागि तपाईंले खेल्ने भूमिका उल्लेख गर्नुहोस् ।

**४. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :**

(क) मादी नगर अस्पताल..............................मा छ ।

(ख) मादी नगरपालिकामा जम्मा ......................वटा स्वास्थ्य चौकीहरु छन ।

(ग) मादी नगरपालिकामा जम्मा ...................वटा सहरी स्वास्थ्य केन्द्रहरु छन ।

(घ) मादी नगरपालिकामा जम्मा......................वटा स्वास्थ्य चौकीहरु छन ।

**५. कुन स्वास्थ्य संस्था मादी नगरमा कहाँ छन ? जोडा मिलाउनुहोस् ।**

| **समूह (क)** | **समूह (ख)** |
|---|---|
| (क) स्वास्थ्य चौकी | मादी ४, ओखरबाटे |
| (ख) गाउँघर क्लिनिक | मादी १, चौकी बजार |
| (ग) नागरिक आरोग्य केन्द्र | मादी ३, मूलखर्क |
| (घ) सहरी स्वास्थ्य केन्द्र | मादी ५, डाँडाखर्क |

**६. परियोजना कार्य :** तपाईंको विद्यालयमा सामुदायिक स्वास्थ्य सुधार सचेतना कार्यक्रमका लागि चित्र, पोष्टर वा पर्चा तयार गरी विद्यालयको कक्षा कोठामा टाँस गर्नुहोस् ।

**शिक्षकलाई निर्देशन :आफ्नो गाउँ, विद्यालय, समुदाय तथा समग्र वडाका स्वास्थ्यसमस्याहरु र समाधानका उपायहरुको खोजिगरी शिक्षण गर्नुहोस् ।**

## पाठ १६ शैक्षिक समस्या

संवाद पढौं बुझौं :

रमेश: नमस्कार सर !

शिक्षक: नमस्कार ।

रमेश : सर, हाम्रो वडाको शैक्षिक समस्याको बारेमा बताइदिनु हुन्छ कि ?

शिक्षक : राम्रो प्रश्न सोध्नु भयो । धन्यवाद, हाम्रो मादी नगरपालिका वडा नम्बर ७ मा विभिन्न शैक्षिक समस्याहरु छन् । पहिलो कुरा त विद्यालय भएर पनि विद्यालयमा भौतिक पूर्वाधार पर्याप्त छैनन् । स्वच्छ खानेपानी अभाव, खेल मैदानको कमी लगायतका समस्या अझै पनि ताजै छन् । विद्यालयमा विद्यार्थी, शिक्षक अनुपात नमिल्नु, शिक्षक दरबन्दीको अभाव पनि खड्किएको छ ।

सीता : सर हाम्रा साथीहरु किन कहिले काहिँ मात्र विद्यालय आउँछन् ?

शिक्षक: तपाईंको जिज्ञासा पनि म मेटाइहाल्छु । तपाईंहरुको कोही साथी कहिलेकाहीँ मात्र विद्यालय आउनुहुन्छ, आउनु भएका साथीहरु पनि पढाइप्रति ध्यान दिनुहुँदैन । पढाइलाई निरन्तरता नदिई मेहनत नगरेपछि परीक्षामा असफल हुनुहुन्छ । अनि कक्षा दोहोऱ्याउने, कक्षा छाड्ने समस्या नै धेरै छ । गरिबीले गर्दा तपाईंहरुका साथीले पढाइसँगै काम गर्नुपर्ने हुन्छ ।

रमेश: किन हाम्रो विद्यालयमा गणित शिक्षकले सामाजिक विषय र सामाजिक शिक्षकले नेपाली विषय पढाउनु परेको छ ? किन आफ्नो विषय पढाउनु हुन्न त सर ?

शिक्षक: सही प्रश्न गर्नुभयो, विद्यालयमा तहगत शिक्षक दरबन्दीको कमी हुनु,

विषयगत शिक्षकको अभाव हुनु, शिक्षक व्यवस्थापनको समस्या आदिका कारणले समस्याआएको हो ।

सीता: हाम्रो पाँचकक्षाका साथीहरु सातौ घन्टीसम्म सबै बस्नुहुन्न, किन सर ?

शिक्षक: हाम्रो विद्यालयकोकम्पाउन्ड घेराबारा छैन । साथीको संगत, शिक्षकको व्यवहार, विद्यार्थीको आचरण, गृहकार्य आदिका कारणलेपनि त्यो समस्या रहेको छ ।

रमेश र सिता: (एकैस्वरमा) यति धेरै शिक्षाका समस्या रहेछन् हाम्रो वडामा, यसको समाधानचाहिँ कसरी गर्न सकिन्छ त सर ?

शिक्षक : शिक्षा भनेको ज्ञान आर्जन गर्नु हो । राज्यविकासको मेरुदण्डपनि हो । त्यसैले शैक्षिक समस्यालाई समस्याकै रुपमा छोड्नु हुँदैन । यसलाई समाधान गर्नुपर्छ । समाधानका उपाय सुनौं है त !

## समाधानका उपायहरु

१. अभिभावकलाई पनि समय समयमा चेतनामुलक शिक्षा दिनु पर्छ,

२. विद्यार्थी स्वयं आफू पनि अनुशासित र लगनशील हुनुपर्दछ,

३. अभिभावकले आफ्ना नानीबाबुलाई समय दिनुपर्छ,

४. शिक्षासँग सरोकारवाला व्यक्ति,संस्थाले विद्यालयका समस्यालाई नजिकबाट नियालेर समाधान गर्नु पर्छ ।

५. राज्यले विद्यालयमा आवश्यकता अनुसार शिक्षक सहज रुपमा उपलब्ध गराउनुपर्छ ।

६. विद्यार्थीहरुलाई बालमैत्री शिक्षण विधि अपनाउदै सिर्जनात्मक तथा प्रविधिमैत्री वातावरण निर्माण गरिनुपर्छ ।

सीताः धन्यवाद सर, हाम्रो वडाका शैक्षिक समस्या र कारणहरु बताइदिनु भएकोमा ।

रमेशः यति धेरै समस्यालाई समाधान गर्ने उपायका बारेमा जानकारी दिनु भयो, यी समस्या चाँडै समाधान हुनसकुन् सर ।

शिक्षकः आशा गरौँ ! हाम्रा समस्या चाँडै समाधान हुनेछन् ।

विद्यार्थीः हामीजान्छौं, सर नमस्कार ।

शिक्षकः ल ल जानुहोस्, शुभयात्रा ।

**शिक्षकलाई निर्देशनः आफ्नो वडाका शैक्षिक समस्या र समाधानका उपायहरु छलफल गराउनुहोस् ।**

**क्रियाकलाप :**

**१. माथिको संवादको अभिनय गरी वाचन गर्नुहोस् ।**

**२.तपाईंको वडामा शिक्षाका समस्या के के छन ? छलफल गरी शिक्षकलाई सुनाउनुहोस् ।**

**३. तलकाप्रश्नको उत्तर दिनुहोस् ।**

(क) तपाईंका वडामा भएका शैक्षिक समस्याहरु के के हुन् ?

(ख) विद्यालयबाट बिचैमा भाग्ने साथीलाई तपाईं के सुझाव दिनुहुन्छ ?

(ग) तपाईंको वडामा भएका शैक्षिक समस्यालाई समाधान गर्ने उपायहरु लेख्नुहोस् ?

(घ) तपाईंको कक्षाकोठामा भएका समस्याहरु लेख्नुहोस् ।

**४. तपाईंको आफ्नो विद्यालय परिसरको सफा चित्र बनाइ रङ्ग समेत भर्नुहोस् ।**

# पाठ २७ स्वास्थ्य र समस्या

पढौं र बुझौं :

सुमित्राको घर विद्यालय नजिकै छ । उनी कक्षा ५ मा पढ्छिन् । आज उनी विद्यालय आएकी छैनन् । रुपक सर मादीको सेरोफेरो पढाउन कक्षा जाँदै हुनुहुथ्यो । अचानक सुमित्राको घरमा मानिस चिच्याएको आवाज आयो । आवाज सुनेर कक्षा ५ का विद्यार्थीहरु र रुपक सर दौडेर जानुभयो ।

रुपक सर: हैन ए ठुल्दाइ, कसलाई के भयो हँ ?

ठुल्दाइ: दुई दिनदेखि सुमित्रालाई पेट दुखेर विरामी परेकी छिन् । म भरखरै धामीकहाँ पुगेर आएको अब ठिकहुन्छ होला सर ।

रुपक सर: दुई दिनदेखि बिरामी भएको मान्छेलाई धामीको मात्र भर परेर घरमै राख्ने हो त ? लु स्वास्थ्यसंस्थामा लानुपर्छ । स्वास्थ्यकर्मीले जाँच गरेपछि थाहा हुन्छ नि त के भएको छ भनेर ।

ठुल्दाइ: धन्दा मान्नु पर्दैन सर । अस्ति पनि यस्तै भएको हो । धामीले फलाकेपछि ठिक भइहाल्छ नि । कहाँ एकैचोटि अस्पताल लानु र ?

रुपक सर: त्यसो होइन दाजु, अबको समयमा यस्ता रुढीबादी कुरामा विश्वास गरेर बस्नुहुन्न । यसो गर्नाले मान्छेको ज्यानै पनि जान सक्छ । त्यसैले बेलैमा अस्पताल लानुपर्छ ।

ठुल्दाइ: हो र सर ? त्यसो भए लैजाउँ न त ।

( ए सुमित्राकी आमा कोटको गोजीमा पैसा छ, झिकेर ल्याऊ त, म अस्पताल लागेँ । रुपक सर र विद्यार्थीहरु पु:न  कक्षामा फर्किनुभयो र विद्यार्थीहरुलाई पढाउन थाल्नुभयो ।)

रुपक सर: , हाम्रो समाजमा यस्ता थुप्रै समस्याहरु छन् । तिनीहरु निम्न छन् :

क) वडामा स्वास्थ सम्बन्धी जनचेतनाको कमी,

ख) स्वास्थ्य कर्मीको सल्लाह बमोजिम औषधीको सेवन नगर्ने ।

ग) सबै वडामा एम्बुलेन्स आवत जावत गर्न नसक्नु ।

घ) स्वस्थ केन्द्रमा पर्याप्त औषधी नहुनु ।

ङ) प्रत्येक वडामा प्रसूति सेवा नहुनु ।

**माथिका वडाका स्वास्थ्य  समस्या र समाधान गर्न  निम्न उपायाहरू अपनाउनु पर्छ :**

क) आफ्नो वडामा स्वास्थ्य सम्बन्धी विभिन्न किसिमका जनचेतना फैलाउने कार्यक्रमहरू संचालन गर्ने । जस्तै : सडक नाटक आदि ।

ख) बिरामीले स्वास्थ्य कर्मीको सल्लाह बमोजिम औषधीको सेवन गर्नु ।

ग) हरेक वडामा पर्याप्त औषधीको व्यवस्था गराउनु पर्दछ ।

घ) प्रत्येक वडामा प्रसूति केन्द्रको प्रबन्ध मिलाउनु पर्छ ।

ङ) स्वास्थ्य बिमाको व्यवस्था मिलाउने ।

**क्रियाकलाप :**

**१.  तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।**

(क) सुमित्रा किन चिच्याउनु भएको थियो ?

(ख) सुमित्रालाई  किन स्वास्थ्यकेन्द्र लानु भएको थिएन ?

(ग) तपाईं बिरामी हुँदा बुवाआमाले कहाँ लानुहुन्छ ?

(घ) त्यस समयमा रुपकसर नजानुभएको भए के हुन्थ्यो ?

**२. तपाईंको वडामा भएका स्वास्थ्य समस्याहरु के के हुन् लेख्नुहोस् ?**

**३. तपाईंको वडामा भएका स्वास्थ्य समस्या समाधान गर्ने उपायहरु लेख्नुहोस् ।**

# पाठ १८ कृषि समस्या र समाधान

**पढौं र बुझौं :**

कृषि पेसा मानिसको बाच्ने मुख्य आधार हो । कृषि पेसाअन्तर्गत फलफूल खेती, पशुपालन, तरकारीखेती, खाद्यबालीउत्पादन जस्ता कार्य पर्दछन् । जमिनलाई खनजोत गरी बाली लगाएर मलजल गरी गोडमेल गरेर धेरै उत्पादन लिने किसानको चाहना हुन्छ । तर मेहनत र लगानी अनुसारको उत्पादन नहुनु, बजार व्यवस्थापन राम्रो नहुनु, सिंचाइ अभाव हुनु, समयमा मल नपाउनु, उन्नत जातका बिउबिजन पर्याप्त नहुनु, बेमौसमी तरकारी खेतीका लागि आवश्यक ज्ञान तथा सिप नहुनु, पम्परागत खेती प्रणाली अपनाउनु, कृषिमा प्रयोग गरिने औजारहरू आधुनिक नभई पुरानै औजार प्रयोग गरिनु, कीटनाशक औषधीको पर्याप्त उपलब्ध नहुनु, जंगली जनावर नियन्त्रण नहुनु , कृषि सम्बन्धी दक्ष प्राविधिकको खाँचो हुनु, माटो परीक्षण सम्बन्धी दक्ष प्राविधिक र त्यसमा लाग्ने उपकरण अभाव हुनु, सिंचाइको सुविधा नपुग्नु, आफ्नो उत्पादनले खान नपुग्नु, उचित कृषिजन्य वस्तुको मूल्य नहुनुजस्ता थुप्रै  समस्या रहेका छन् । यस्ता समस्याले गर्दा हाम्रो वडाका किसानहरू चिन्तित छन् ।

समस्यासमाधानका उपायहरुः

१. कृषिमा पर्याप्त बजेट व्यवस्थापन गर्ने र सहुलियत दरमा कर्जा दिने व्यवस्था मिलाउने ।

२. दक्ष कृषि प्राविधिकको व्यवस्था मिलाउने ।

३. कृषि उपजको उचित मूल्य निर्धारण गरी बजार व्यवस्थापन गर्ने ।

४. मलखाद, कीटनासक औषधी तथा उन्नत जातका बिउबिजनको व्यवस्था गर्ने ।

५. सिंचाइको उचित प्रबन्ध गर्ने ।

६. कृषि भण्डारणसहित यातायातको उचित व्यवस्था गर्ने ।

७. कृषि बिमाको व्यवस्था गर्ने ।

## क्रियाकलाप :

### १. तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(क) तपाईंको वडामा भएका कृषिका समस्याहरु के के छन् ? छलफल गर्नुहोस् ।

(ख) तपाईंको वडामा भएका कृषिका समस्याहरुका कारणहरु उल्लेख गर्नुहोस् ।

### २. खाली ठाउँ भर्नुहोस् ।

क) कृषकलाई कीटनाशक .......को पर्याप्त उपलब्धता हुनुपर्दछ । (औषधी, मल, बिउ)

ख) तरकारी खेती अन्तर्गत................पर्दछन् । (सुन्तला खेती ,कोपी खेती )

ग) कृषिजन्य बस्तु उत्पादनमा ..............बृद्धि गर्नुपर्छ । (बजेट, पानी)

घ) एक वडा एक उत्पादन ............ले मादीको समृद्धि हुनसक्छ । (पहिचान, कार्यक्रम)

### ३. तलका प्रश्नको उत्तर दिनुहोस् ।

(क) कृषि पेसामा कस्ता समस्या रहेका छन् ? पाठका आधारमा लेख्नुहोस् ।

(ख) तपाईंको वडामा भएका कृषि समस्याका कारण लेख्नुहोस् ।

(ग) तपाईंको वडामा कुन कुन बाली उत्पादन हुन्छन् ? सूची बनाउनुहोस् ।

(घ) कृषिसँग सम्बन्धित समस्या कसरी समाधान गर्न सकिन्छ ?

### ४. परियोजना कार्य :

(क) आलु, कोपीखेती गर्दा के कस्ता विधि अपनाउन सकिन्छ ? शिक्षकको सहायतामा छलफल गर्नुहोस् र आलुखेतीका तरिकाहरु लेखेर साथीहरुलाई देखाउनुहोस् ।

# पाठ १९

# भौतिक पूर्वाधारका **समस्या**

**अध्ययन गरौं :**

मेरा छिमेकी काका समाज सेवामा सधैं लागिरहनु हुन्छ । हरेक समय गाउँको विकास निर्माणका विषयमा छलफल गर्नुहुन्छ । कहिले वडा कार्यालय जानु हुन्छ । कहिले नगरपालिका कहिले आफ्ना साथीसँग चिया गफमा समेत वडाभित्रको भौतिक पूर्वाधारका समस्याहरु उजागर गर्नुहुन्छ । काकाले भने अनुसार हाम्रो वडामा सडकको अवस्था कमजोर छ । कच्ची सडक भएका कारण गाउँमा उत्पादन भएका सामग्रीहरू बेच्न आवतजावत गर्न समस्या छ । वडाभित्रका भौतिक पूर्वाधारहरु सडक, बाटोघाटो, भवन, पुलपुलेसा आदि राम्रो नभएको कुरा काकाले बताउनुभयो । काकाले मलाई पनि तपाईंहरुको विद्यालयमा पानी चुहिने, बाढी पस्ने, हावाहुरीबाट जोखिम हुने त छैन ? भनेर सोध्नु भयो । हाम्रो विद्यालयका भवनहरू त ठिकै छन् तर हाम्रो वडाभित्रका केही विद्यालयका भवनहरू कमजोर नै छन् । यसका कारण हाम्रो वडाको भौतिक पूर्वाधारका लागि पर्याप्त बजेट विनियोजन नहुनु, सामान्य बजेटले ठुलो योजनाका काम गर्न नसक्नु, स्वच्छ खानेपानीका लागि पर्याप्त पानीको स्रोत नजिकै नहुनु, भौगोलिक विकटताका कारण इन्टरनेटको पहुँच गाउँघरमा नपुग्नु जस्ता कारणले हाम्रो वडामा भौतिक पूर्वाधारको समुचित प्रयोग गर्न नसकिएको कुरा पनि काकाले भन्नुभयो ।

समस्यासमाधानका उपाय:

१. वडाका भौतिक  संरचनाका लागि पर्याप्त बजेट विनियोजन हुनुपर्छ ।

२. सडक, बाटोघाटो समयमा सम्बन्धित पक्षले निर्माण गर्नुपर्छ ।

३. गाउँ-गाउँमा स्वच्छ खानेपानीको अभियान सञ्चालन गरी उपलब्ध गराउनुपर्छ ।

४. श्रमदानको भावनाको विकास गरी श्रम अभियान सञ्चालन गर्नुपर्छ ।

५. भौतिक सम्पदालाई संरक्षण, मर्मत सम्भार गर्नुपर्छ ।

**क्रियाकलापः**

**१. तलका प्रश्नहरुको उत्तर दिनुहोस्ः**

(क) भौतिक संरचनाको संरक्षण गर्न के के गर्नुपर्छ?

(ख) सडक अभावमा कस्ता कठिनाइ आउन सक्छन् ? ३ वटा कठिनाइ लेख्नुहोस् ।

(ग) तपाईंको वडामा सडकको अवस्था कस्तो रहेको छ ?

(घ) के तपाईंको वडामा स्वच्छ खानेपानीको व्यवस्था छ ?

**२.**तपाईंको वडामा रहेका भौतिक पूर्वाधारहरुको सूची बनाउनुहोस् ।

**३.** तपाईंको वडामा भएका भौतिक समस्याहरू लेख्नुहोस् ।

**४.**तपाईंको विद्यालयको सफा चित्रकोरी रङ समेत भर्नुहोस् ।

# अनुसूची

## मादी नगरपालिकाका बेंसीहरु

यस नगरपालिकामा मादी बेंसी वडा नं. ६, मासरुम्टी बेंसी वडा नं. ६, इम्लुङ बेंसी वडा नं. ५, खमारे बेंसी वडा नं.६, बडहरे बेंसी वडा नं.५, विरौटा बेंसी वडा नं. ६, सिरवानी वडा नं. ६, चप्लेटी बेंसी वडा नं. ५, टाहारी बेंसी वडा नं .५, किलिसलपी बेंसी वडा नं. ५, भार्लाङ्ग बेंसी वडा नं. ५, पोखरे बेंसी वडा नं.६, पुलुङ बेंसी वडा नं.६, सिम्ले बेंसी वडा नं. ३, कात्तिके बेंसी वडा नं. ३, भोर्लेनी बेंसी वडा नं.३, काभ्रे बेंसी वडा नं. ३, ठाडे बेंसी वडा नं.३, गुडुरे बेंसी वडा नं.३, गढी बेंसी वडा नं. ३, व्याङ्गुर बेंसी वडा नं.४, उम्रिङ बेंसी वडा नं.४, आमबोटे, बेंसी वडा नं. ४, च्वाबोटे बेंसी वडा नं.४, फलेदे बेंसी वडा नं.४, सिम्ले बेंसी वडा नं. ४, सेरा बेंसी वडा नं. ४,  ज्यामिरे बेंसी वडा नं. ८, आमबोटे बेंसी वडा नं. ८,ढुङ्गेनी चिलिबुङ बेंसी वडा नं.९, रैकरे बेंसी वडा नं. ९, भालुरुम्टो बेसी मादी ५, आदि ।

## पानीका मुहानहरु

आम्चोक धारा वडा नं. १, खुलखुले मुहान वडा नं. १, बोझेघारी मुहान वडा नं. १, भाङ्टार मुहान वडा नं. १, मानेटार मुहान वडा नं. १, सिमडाँडा मुहान वडा नं. १, तिनकुने मुहान वडा नं. १, फँलाटे खाने पानी वडा नं. २, मुलपानी वडा नं. ५, बोझे वडा नं. ५, गोपिनी वडा नं. ५, फिस्टे वडा नं. ५, जुकेपानी वडा नं.५, आइतबारे वडा नं. ५, जोरधारा महान वडा नं. ५, पुसेखर्क मुहान वडा नं. ५, पाटी धारो वडा नं. ५, गौंस्वरा धारो वडा नं.४, ठोट्ने पानी वडा नं. ६, उम्रिङ वडा नं. ४, सुवेदी धारो वडा नं. ४,  छत्रेनागी वडा नं.३, सोभिते वडा नं. ७, उद्याउने कुहिरी वडा नं. ३, ठूलोसिम मुहान वडा नं. ३, हात्तीढुंगा, भालु पोखरी मुहान वडा नं. ९, हिटी धारा वडा नं. ९, याबा धारा वडा नं. ९, छेलाहान्ने मुहान वडा नं. ९, जोर पोखरी वडा नं २ र ९ आदि ।

## मादी नगरपालिकाका मुख्य भिरहरु

सिगारे भिर वडा नं. ३, तिनतले भिर वडा नं. ३, भतेरे भिर वडा नं. ५, बेतिनी भिर वडा नं. ५, देवीथान भिर वडा नं. ५, रमिते भिर वडा नं.४, काउसे भिर वडा नं ४, महभिर वडा नं. २, दामे गैरी भिर वडा नं. ४, खुन्द्रुके भिर वडा नं.९, मान्द्रे भिर वडा नं.९, ठूलो भिर वडा न.. ४, बाखे भिर वडा नं. ४, आकासे भिर वडा नं.४, सेती भिर वडा नं. ७, जरायोटार भिर वडा नं. १, वरडाँड भिर वडा नं. १, ,सल्लेरी भिर वडा नं. १  सिरडाँडा भिर वडा नं. १, कात्तिके भिर वडा नं. ३  आदि ।

## मादी नगरपालिकाका मुख्य खोलाहरु

पिलुवा खोला, माया खोला, ओइराङ खोला, घुन्सा खोला, वालिङ खोला, काभ्रे खोला, जामुने खोला, मगर खोला, बाघा खोला, लखुवा खोला, सिकुवा खोला, यावरा खोला आदि रहेका छन् । यी खोलाहरुमा लखुवा झरना वडा नं. ८, वालिङ झरना वडा नं. ३, कामी खोला वडा नं. ३, देवी खोला झरना वडा नं. ३ , तल्लो छाँगे झरना वडा नं.४, भतेरे झरना वडा नं.५, छाँगे खोला झरना वडा नं.४ जस्ता झरनाहरुका अतिरिक्त वडा नं. २ र ९ मा प्रसिद्ध धनपोखरी, लामपोखरी वडा नं. ९, सानीधाप पोखरी वडा नं. १ र सिद्धपोखरी वडा नं. ३ आदि रहेका छन् ।

## मादी नगरपालिकाका डाँडाहरु

आहाल डाँडा वडा नं. १, जोरपात्ले डाँडा वडा नं. १, रमिते डाँडा वडा नं. १, स्कूल डाँडा वडा नं. १, वालुवानी डाँडा वडा नं.१, गुफा डाँडा वडा नं. १, जोरखस्रु डाँडा वडा नं. १, जिउने डाँडा वडा नं. १, बरडाँडा वडा नं. १, असारे डाँडा वडा नं. १, चौकी डाँडा वडा नं. १, दाहाल डाँडा वडा नं. १, बोरी डाँडा वडा नं. १, सिरु डाँडा वडा नं. १, धजेदेउराली डाँडा वडा नं. २, माने डाँडा वडा नं. २, हाङ्थुम डाँडा वडा नं. ३, ४ र ५, भ्वान डाँडा वडा नं.३, हात्तीराम डाँडा वडा नं. ३,मान डाँडा वडा नं. ३, झुले डाँडा वडा नं. ३, प्रकाश डाँडा वडा नं. ३, गौरुङ डाँडा वडा नं. ३,थाम डाँडा वडा नं. ३, देवी थुम्की वडा नं. ३, हाटे डाँडा वडा नं.४, बराल डाँडा वडा नं. ४, सिकारी डाँडा वडा नं. ४, कुरुले डाँडा वडा नं. ४, टारी डाँडा वडा नं. ४, माईथुम्की डाँडा वडा नं. ४, कोलढुंगा डाँडा वडा नं. ४, डबले डाँडा वडा नं. ४, हल्लुँडे डाँडा वडा नं. ४, घुमाउने/पसल डाँडा वडा नं. ४,रमिते डाँडा वडा नं. ५, बराल डाँडा वडा नं. ५, डाँडा खर्क वडा नं. ५, छेले डाँडा वडा नं. ५, माई थुम्की, बाघा डाँडा वडा नं. ७, सोमबारे डाँडा वडा नं.८, च्यान डाँडा वडा नं. २, नाके डाँडा वडा नं. ४, बुलु थुम्की वडा नं. ८, धनसार डाँडा वडा नं. ९, सत्तल डाँडा वडा नं. ९, देवीथुम्का वडा नं.९, गुफा डाँडा वडा न.. १, रमिते डाँडा वडा नं. ९, देउराली डाँडा वडा नं. ९जस्ता रमणीय डाँडा र थुम्कीहरु रहेका छन । त्यसैगरी रनगढी वडा नं. १, रनगढी वडा नं.४, फुदुङ गढी वडा नं.३ जस्ता गढीहरुका साथै रक्ते भञ्ज्याङ् वडा नं. ९ आदि ।

मादी नगरपालिकामा विविध जातजातिका मानिसहरु बसोबास गर्दछन् । यस पालिकामा सबैभन्दा धेरै क्षेत्रीको जनसंख्या छ भने सबभन्दा कम परियार जातिको बसोकास रहेकोछ । राष्ट्रिय जनगणना २०७८ अनुसार जातिगत जनसंख्या विवरण निम्नानुसार रहेकोछ ।

### मादी नगरपालिकाको जातिगत जनसंख्या विवरण

| जाति | जनसंख्या | जनसंख्या | जाति | जनसंख्या | जनसंख्या प्रतिशत |
|---|---|---|---|---|---|

| | | प्रतिशतमा | | | |
|---|---|---|---|---|---|
| क्षेत्री | ३३५७ | २५.२९ | राई | ७६२ | ५.७४ |
| तामाङ | १६११ | १२.१४ | वि.क. | ६९३ | ५.२२ |
| ब्राम्हण | १४०१ | १०.६३ | शेर्पा | ५९९ | ४.५२ |
| लिम्वू | १२४१ | ९.३४ | परियार | ५२४ | ३.९४ |
| गुरुङ | १०४२ | ७.८५ | अन्य | १२६५ | ९.५३ |
| याख्खा | ७७८ | ५.८६ | | | |

माथिको तालिका अनुसार मादी नगरपालिकामा जातिगत जनसंख्या विवरण अनुसार सबभन्दा बढी क्षेत्रीहरुको बसोबास २५.२९ प्रतिशत् रहेकोछ भने सबभन्दा कम बसोबास परियार जातिको ३.५३ प्रतिशत् रहेकोछ ।

## मादी नगरपालिका भित्रका धार्मिक स्थलहरु

| सि.नं. | धार्मिक स्थलको नाम | ठेगाना |
|---|---|---|
| १ | राधाकृष्ण मन्दिर | मादी नगरपालिका १, पुछारटोल |
| २ | साकेलाथान | मादी नगरपालिका १, इच्छाराम |
| ३ | पाथीभरा मन्दिर | मादी नगरपालिका १, चौकीडाडा |
| ४ | शिव मन्दिर | मादी नगरपालिका १, आहालडाडा |
| ५ | राम मन्दिर | मादी नगरपालिका १, रमितेटोल |
| ६ | धनपोखरी | मादी नगरपालिका २ र ९ |
| ७ | शिव मन्दिर | मादी नगरपालिका २ ऐंसेलु |
| ८ | सिद्धेश्वर पाथीभरा मन्दिर | मादी नगरपालिका ३ थामखर्क |
| ९ | छत्रेनागी देवीथान | मादी नगरपालिका ३, छत्रेनागी |
| १० | कृष्ण मन्दिर | मादी नगरपालिका ३ कामीचौर |
| ११ | हाङ्थुम देवीथान | मादी नगरपालिका ३ , हाङ्थुम |
| १२ | उर्गेनछ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, ओखरबोटे |
| १३ | देवी पाञ्चायान मन्दिर | मादी नगरपालिका ४, ओखरबोटे |
| १४ | हंस आत्माबोध मन्दिर | मादी नगरपालिका ४, उम्रिङ |
| १५ | देवढुंगा | मादी नगरपालिका ४  डाँडाँगाउँ |
| १६ | पाथीभरा मन्दिर | मादी नगरपालिका ४, डाँडाँगाउँ |
| १७ | शिव मन्दिर | मादी नगरपालिका ४, कार्कीगाउँ |

| | | |
|---|---|---|
| १८ | छत्रेश्वर शिव मन्दिर | मादी नगरपालिका ४ हुलाकीगाउँ |
| १९ | राम जानकी मन्दिर | मादी नगरपालिका ४, घिमिरेगाउँ |
| २० | रनगढी देवीथान | मादी नगरपालिका ४, धुसेनी |
| २१ | ओखरबोटे चर्च | मादी नगरपालिका ४ , ओखरबोटे |
| २२ | हाङ्थुम सम्त्यान छ्योलिङ् गुम्बा | मादी नगरपालिका ४, पैनागी |
| २३ | कृष्ण प्रणमी मन्दिर | मादी नगरपालिका ५, |
| २४ | सिद्धस्थान | मादी नगरपालिका ५, |
| २५ | टासी छोलिङ बौद्ध गुम्बा | मादी नगरपालिका ५, |
| २६ | रामालय शिवालय | मादी नगरपालिका ६, |
| २७ | साङ्छ्योलिङ  गुम्बा | मादी नगरपालिका ७, बाघाडाडा |
| २८ | साकेलाथान | मादी नगरपालिका ७ , बाघा |
| २९ | ज्याछ्योन छ्योलिङ गुम्बा | मादी नगरपालिका ८, |
| ३० | विजय चर्च | मादी नगरपालिका ८, |
| ३१ | शिवालय मन्दिर | मादी नगरपालिका ९, |
| ३२ | माङहिम, | मादी नगरपालिका ९, |
| ३३ | पेमा साङ छ्योलिङ गुम्बा | मादी नगरपालिका ९, |
| ३४ | जलपा देवीथान | मादी नगरपालिका ९, |
| ३५ | सियोन चर्च | मादी नगरपालिका ९, |

**मादी नगरपालिकामा भएका स्वास्थ्य संस्थाहरु र त्यसको अवस्थाः**

| क.सं. | स्वास्थ्य संस्थाको नाम | ठेगाना | नेतृत्व(प्रमुख) | कैफियत |
|---|---|---|---|---|
| **१** | मादी नगर अस्पताल | मादी ४ ओखरवोटे | डाक्टर | १५ बेड, २ डाक्टर सहित ३०जना कर्मचारी, सेवा, एम्बुलेन्स सेवा, इमर्जेन्सी शेवा,बर्थीङ शेवा |
| **२** | मूलखर्क स्वास्थ्य चौकी | मादी ३, मूलखर्क | हेल्थ असिष्टेण्ट | ६ जना कर्मचारी प्रसुती सेवा |
| **३** | मावादिन स्वास्थ्य चौकी | मादी ८, मावादिन | हेल्थ असिष्टेण्ट | ६जना कर्मचारी, प्रसुती सेवा |

| | | | | |
|---|---|---|---|---|
| ४ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी १, उम्लिङ | अ.हे.व. | ३ जना कर्मचारी, वडा भित्रका सामान्य स्वास्थ्य समस्या हल गर्ने, प्रसुती सेवा । |
| ५ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी २, कानपूर | अ.हे.व. | ३ जना कर्मचारी, वडा भित्रका सामान्य स्वास्थ्य समस्या हल गर्ने । |
| ६ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ५, पिपलबोटे | अ.हे.व. | ३ जना कर्मचारी, वडा भित्रका सामान्य स्वास्थ्य समस्या हल गर्ने । |
| ७ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ६, मालबासे | अ.हे.व. | ३ जना कर्मचारी |
| ८ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ७, बाघा | अ.हे.व. | ३ जना कर्मचारी, वडा भित्रका सामान्य स्वास्थ्य समस्या हल गर्ने । |
| ९ | आधारभूत वडा स्वास्थ्य केन्द्र | मादी ९, फाविङ | अ.हे.व. | ३ जना कर्मचारी, वडा भित्रका सामान्य स्वास्थ्य समस्या हल गर्ने, प्रसुती सेवा । |
| १० | नागरिक आरोग्य सेण्टर | मादी ४, ओखरवोटे | कविराज | २ जना कर्मचारी आयुर्वेदिक उपचार । |
| ११. | शहरी स्वास्थ्य केन्द्र | मादी १, चौकी | | २ जना कर्मचारी, शहरको स्वास्थ्य सम्बन्धी सम्पूर्ण कार्य |
| १२. | गाउँघर क्लिनिक | मादी ५, डाँडाखर्क | | स्वास्थ्य सम्बन्धी घुम्ति सेवा<br>आवश्यकता अनुसारका स्वास्य कर्मी |

**मादी न.पा.का सामाजिक संघ-संस्थाहरुको वडागत विवरण**

| वडा | अन्य संघ-संस्था/क्लवको नाम | टोलको नाम | गरेका मुख्य क्रियाकलापहरु |
|---|---|---|---|
| १ | तिनजुरे गुरास क्लब<br>मकालु सामाजिक संस्था<br>पारु सुम्निमा सिर्जना समूह<br>तिनजुरे बचत तथा ऋण सहकारी सस्था.<br>लि.TMJ लर्निङ ग्राउण्ड<br>नव जागृती क्लव<br>वडा कार्यालय र ४ ओटा विद्यालयहरु | चौकी<br>उम्लिङ<br>इच्छाराम<br>चौकी<br>चौकी<br>कात्तीके | सामाजिक, तथा खेलकुद<br>सामाजिक, तथा खेलकुद<br>सामाजिक, तथा खेलकुद<br>बचत तथा ऋण |

| | | | |
|---|---|---|---|
| | | | वातावरण संरक्षण तथा पर्यटन<br>सामाजिक, तथा खेलकुद |
| २ | धनपोखरी युवा क्लब<br>विभिन्न आमा समूह तथा कृषि समूहहरु<br>वडा कार्यालय १ र विद्यालयहरु ३ ओटा | ठूलो ओइराङ | सामाजिक, तथा खेलकुद<br>कृषि तथा जडिबुटि संवन्धि |
| ३ | हाङथुम क्लव<br>सिद्धि विनायक वचत तथा ऋण सहकारी संस्था लि.<br>हाङथुम सामुदायीक सिकाई केन्द्र<br>नेपाल रेडक्रस सोसाइटी मादी मुलखर्क उपशाखा<br>सिर्जनसिल बाल तथा युवा सरोकार संस्था<br>पशु सेवा केन्द्र र वडा कृषि कार्यालय<br>मादी मूलखर्क स्वास्थ्य चौकी<br>मूलखर्क खा.पा. तथा स.स. उपभोक्ता समिति<br>माझखर्क खा.पा. तथा स.स. उपभोक्ता समिति<br>देवीथुम्का, हाङ्थुम, वालिङ्खोला, तीनतले सामुदायिक वन<br>विभिन्न आमा समूह र कृषि समूहहरु<br>थामखर्क, आहाले, फुदुङ्, हाङ्लाफोङ् र मानडाँडा सामाजिक संस्था<br>वडा कार्यालय -१ र विद्यालयहरु -५ ओटा | मुलखर्क<br>मुलखर्क<br>मूलखर्क<br>मूलखर्क<br>सिद्धनागी<br>मूलखर्क<br>मूलखर्क<br>मूलखर्क माझखर्क | खेलकुद<br>बचत तथा ऋण<br>सामुदायिक कार्य<br>सामाजिक कार्य<br>वालवालिका संवन्धि<br>कृषि तथा पशु सेवा<br>स्वास्थ्योपचार<br>खानेपानी तथा सरसफाइ<br>खानेपानी तथा सरसफाइ<br>वन तथा वातावरण<br>कृषि संवन्धि |
| ४ | मादी राम्वेनी वचत तथा ऋण सहकारी संस्था लि.<br>ओखरबोटे सामुदायीक सिकाई केन्द्र<br>महिला सञ्जाल<br>रनगढी उम्रिङ युवा क्लब<br>नगर विकासका लागि युवा दृष्टी<br>नेपाल रेडक्रस सोसाइटी मादी राम्वेनी उपशाखा | ओखरबोटे<br>ओखरबोटे<br>ओखरवोटे<br>उम्रिङ<br>ओखरबोटे<br>ओखरबोटे<br>श्रीजुङ टोल<br>हुलाकी गाउँ | बचत तथा ऋण<br>सामाजिक कार्य<br>महिला संवन्धि<br>सामाजिक सेवा<br>सामाजिक सेवा<br>सामाजिक कार्य<br>खेलकुद तथा सामाजिक<br>खेलकुद तथा सामाजिक |

| | | | |
|---|---|---|---|
| | श्रीजुङ युवा क्लव<br>कोशी वालक्लब<br>विभिन्न आमा समूहहरु र विभिन्न कृषि समूहहरु<br>वडा कार्यालय १ र ६ ओटा सामुदायिक विद्यालयहरु एउटा संस्थागत, एउटा धार्मिक विद्यालय र एउटा क्याम्पस | | कृषि संवन्धि |
| ५ | शिवालय महिला कृषि सहकारी सस्था लि.<br>नव ज्योती युवा क्लव<br>राई गाँउ संस्कृतिक युवा क्लव<br>सयपत्री भजन कीर्तन समूह<br>विष्णु लक्ष्मी भजन कीर्तन समूह<br>पञ्चे वाजा तथा कोपिले भजन कीर्तन समूह<br>वडा कार्यालय १ र ५ ओटा विद्यालयहरु<br>१७ ओटा आमा समूह र १४ ओटा कृषि समूह<br>दाहाल प्रतिष्ठान मादी | नयाँ धारा<br>ताक्लाखर्क<br>राई गाँउ<br>गोपिनी<br>च्याङरिङ<br>कोपिले<br><br><br>तिखीढुङ्गा | बचत तथा ऋण<br>खेलकुद तथा सामाजिक सेवा<br>सांस्कृतिक कार्यक्रम<br>भजन कीर्तन<br>भजन कीर्तन<br>भजन कीर्तन |
| ६ | थ्रि स्टार युवा क्लव<br>दिप ज्योती युवा क्लव<br>मकालु कृषक समूह खमारे कृषक समूह<br>बहुउदेशिय कृषक समूह<br>श्रीपालि वस्नेत समाज<br>किरात देवान समाज<br>७ ओटा आमा समूह र १० ओटा कृषक समूह<br>वडा कार्यालय १ र ३ ओटा विद्यालयहरु | शिर्वानी<br>पुलुङ<br>पोखरे<br>खमारे<br>मुड्के<br>पुलुङ<br>देवान गाउँ | खेलकुद तथा सामाजिक<br>खेलकुद तथा सामाजिक<br>कृषि संवन्धि<br>कृषि संवन्धि<br>कृषि संवन्धि<br>साँस्कृतीक<br>साँस्कृतिक<br>कृषि संवन्धि |
| ७ | प्रगतिशील युवा क्लव<br>नव सृजना युवा क्लव<br>विभिन्न आमा समूहहरु र विभिन्न कृषि समूहरु वडा कार्यालय १ र २ ओटा विद्यालयहरु | शेर्पा टोल<br>ओडारे | खेलकुद संवन्धि<br>खेलकुद संवन्धि |
| ८ | त्रिशक्ति बचत तथा ऋण सहकारी संस्था लि.<br>मावदिन युवा समाज विकास केन्द्र<br>विभिन्न आमा समूहहरु र विभिन्न कृषि समूहहरुवडा कार्यालय १ र १ ओटा विद्यालय<br>दीपज्योति ग्रामीण बिउ सहकारी | मावदिन | बचत तथा ऋण<br>सामाजिक |

| | | | |
|---|---|---|---|
| | मावादिन स्वास्थ्य चौकी<br>लिङबारी सामुदायिक वन<br>गढीडाँडा सामुदायिक वन | | |
| ९ | फाविङ क्लव हाङथाना स्पोटिङ क्ल प्रगतिशिल युवा क्लब सृजना युवा क्वल खम्पुजङ क्लब श्री फक्ताङलुङ केलाङ विभिन्न आमा समूहहरु र विभिन्न कृषि समुहरु वडा कार्यालय १ र ३ ओटा विद्यालयहरु | फाविङ<br>हाङथाना<br>धन्सार<br>फाविङ<br>खम्पुजङ हाङथाना | खेलकुद तथा सामाजिक सेवा<br>खेलकुद तथा सामाजिक सेवा<br>खेलकुद तथा सामाजिक सेवा<br>खेलकुद तथा सामाजिक सेवा<br>खेलकुद तथा सामाजिक सेवा<br>साँस्कृतिक |